# अबको राष्ट्रको संकल्प : नयाँ समाजवादी विकल्प

*(ने.स.पा.को २०८० जेठ २५-२६ को केन्द्रीय समिति बैठकमा प्रस्तुत राजनीतिक प्रस्ताव)*

## १.०. प्रारम्भ

देशमा अग्रगामी वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदीयमान हाम्रो पार्टी नेपाल समाजवादी पार्टीको केन्द्रीय समितिको तेस्रो बैठकमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछौं । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनानिम्ति भएको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित आन्दोलन, महिला आन्दोलनलगायत सबै बलिदानीपूर्ण आन्दोलनका महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा बेपत्ताजनहरू र घाइते/अपांगहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछौं ।

यो बैठक हाम्रो पार्टी, राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय राजनीतिसमेत ठूलो सम्भावना र चुनौतीको बीचमा रहेको अवस्थामा भइरहेछ । करिब एक दशकदेखि नयाँ अग्रगामी वैकल्पिक राजनीतिका निम्ति भइरहेका बहस र पहलको बीचबाट विभिन्न घुम्ती हुँदै गत एक वर्षदेखि हामी 'नेपाल समाजवादी पार्टी'का रूपमा संगठित हुँदै आएका छौं । विभिन्न आन्दोलन र पार्टीको पृष्ठभूमिबाट आएका हाम्रा आ-आफ्नै अनुभव र अनुभूति छन् । हामी सबै एउटै विचार, शैली, संकल्पको मालामा उनिएर देशको नेतृत्व गर्ने बलियो संगठित शक्तिका रूपमा रूपान्तरण हुन अझै बाँकी छ । किनकि पार्टी भनेको निश्चित लक्ष्य हासिल गर्ने विचार र संकल्पको संगठित अभिव्यक्ति वा साधन हो । यसको जीवनको आफ्नै नियम र संघर्षका शृंखला हुन्छन् र तिनलाई हामीले अनिवार्य रूपमा पार गर्नैपर्छ । यो बैठकले हाम्रो पार्टीलाई वैचारिक संघर्ष, राजनीतिक-सामाजिक-सांस्कृतिक-आर्थिक संघर्ष र सत्ताको निम्ति संघर्षको भट्टीमा खारिएर देशको अग्रणी वैकल्पिक राजनीतिक शक्तिका रूपमा विकसित हुन महत्वपूर्ण प्रस्थानविन्दुको रूपमा भूमिका खेल्नेछ भन्ने विश्वास लिएका छौं ।

कुनै पनि राजनीतिक पार्टीले तत्काल विद्यमान अन्तर्राष्ट्रिय र राष्ट्रिय भू-राजनीतिक र अर्थ-राजनीतिक परिवेश तथा सम्भावना र चुनौतीको बीचमा रहेर आफ्नो भूमिका निर्वाह गर्दछ । हाम्रो जस्तो रूपान्तरणकारी राजनीतिको पक्षपोषण गर्ने र विश्वव्यापी तथा अग्रगामी दृष्टिकोण राख्ने पार्टीले त झन् भित्री र बाहिरी संसारका गतिका नियमलाई बुझेर र तिनका जेलिएका अन्तर्विरोधलाई छिचोलेर आफ्नो कार्यसम्पादन गर्नै पर्दछ । त्यसैले हामीले विद्यमान अन्तर्राष्ट्रिय र राष्ट्रिय आयामहरू र पार्टीका अहिलेसम्मका सकारात्मक र नकारात्मक अनुभवहरूको निर्मम समीक्षाको आलोकमा पार्टीको मार्गनिर्देशक विचार र कार्यदिशाको संश्लेषण र निर्माण गर्नुपर्दछ । अनि त्यसका आधारमा समयबद्ध कार्ययोजना बनाएर कार्यक्षेत्रमा अघि बढ्नुपर्दछ ।

सुरुमा नै एउटा कुरामा हामी प्रस्ट हुनुपर्दछ कि हामी इतिहासको चक्रलाई पछि फर्काउने कुनै पश्चगामी शक्ति वा अहिले जे छ त्यसैमा रमाएर बस्ने यथास्थितिवादी शक्ति हैनौं कि बरु समाजलाई

अझै उन्नत, लोकतान्त्रिक, समावेशी, समृद्ध दिशामा अघि बढाउने अग्रगामी परिवर्तनकारी शक्ति हौँ । त्यसैले हामी बढी जिम्मेवार, बढी गम्भीर र बढी मिहिनेती हुनुपर्दछ । पश्चगामी शक्तिहरूले आमजनताको भीड जता लाग्छ, त्यतै हिँडे पुग्छ वा स्वस्फूर्ततावादी ढंगले सोचे वा गरे पुग्छ । तर, दुनियाँलाई बदल्ने अग्रगामी, लोकतान्त्रिक, समाजवादी शक्तिहरूले सचेत ढंगले पहिले आफूलाई बदल्ने र सँगसँगै अरूलाई पनि बदल्ने योजनाबद्ध र संगठित प्रयास गर्नुपर्दछ । त्यसैले हाम्रो बाटो लामो, कष्टसाध्य तर अन्त्यमा धेरै आनन्ददायी हुन्छ । यो बुझेर हामी यो महाभियानमा लामबद्ध भएका छौँ भन्ने हमेशा सम्झनुपर्दछ । अनि हामी लौकिक मान्छे हौँ, कुनै अलौकिक भगवान् होइनौँः त्यसैले गल्ती गर्न सक्छौँ, तर त्यो गल्तीबाट सिकेर अघि बढ्नेछौँ । यो स्पिरिट हामीले यही बैठकबाट आफूमा लागू गर्नेछौँ ।

## २.०. अन्तर्राष्ट्रिय आयाम

अठारौँ शताब्दीको मध्यबाट युरोपबाट सुरु भएको औद्योगिक क्रान्ति, आधुनिक विज्ञान प्रविधि र उत्पादन प्रणालीको गुणात्मक विकास सँगसँगै अहिले चौथो औद्योगिक क्रान्तिको चरणमा पुगेको मानिन्छ । मूलतः पुँजीवादी ढाँचामा रहेको यो अर्थ-राजनीतिक प्रणालीले अहिले सम्पूर्ण विश्वलाई नै आफ्नो बाहुपासमा बाँधेको छ । पुँजीवादका जनक आदम स्मिथले पुँजीवादी औद्योगिकीकरणको प्रक्रियाले मुनाफा र बजारको खोजीमा सम्पूर्ण विश्वलाई नै 'सभ्यताहरूको साझा बजार' (Common-wealth of Civilizations) मा परिणत गर्छ भनेका थिए । वैज्ञानिक समाजवाद अर्थात् साम्यवादका जनक मार्क्सले मुनाफाको खोजीमा पुँजीवादले सबै 'चिनियाँ पर्खाल भत्काउँछ' भनेका थिए । अहिले सोहीअनुरूप एक्काइसौँ शताब्दीमा आइपुग्दा सम्पूर्ण विश्व पुँजीवादी भूमण्डलीकरणको एउटै जालोमा बाँधिएको छ । पहिले युरोप र उत्तर अमेरिका र पछिल्लो चरणमा पूर्वी एशियासहित केही उच्च विकसित देश र क्षेत्रहरू पुँजीवादको 'केन्द्र' (Center) बनेका छन् भने बाँकी विश्व पुँजीवादको 'किनारा' (Periphery) बनेका छन् । पुँजीवादी प्रणालीमा अन्तरनिहीत पुँजीको विस्तारित पुनरुत्पादन र त्यसबाट निःसृत हुने केन्द्रीकरण र संकेन्द्रणको नियमले 'केन्द्र'का देशहरू पुँजी, प्रविधि, उत्पादन, व्यवस्थापनका केन्द्र बनेर मालिक जस्ता हुन्छन् भने श्रम, कच्चा पदार्थका आपूर्तिकर्ता र उत्पादित वस्तु तथा वित्तीय ऋणका उपभोक्ता 'किनारा'का देशहरू पराश्रित अर्धदासजस्ता बन्न पुग्दछन् । विश्व पुँजीवादको साङ्लोमा बाँधिएका नेपालजस्ता देशहरू 'किनारा पुँजीवाद'को अन्तरनिहीत लक्षण अल्पविकास, परनिर्भरता, ऋणको दुष्चक्र, श्रम निर्यात र वस्तु आयातको असमान विनिमय आदिबाट ग्रसित देखिनु यसको ज्वलन्त उदाहरण हो ।

एक्काइसौँ शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा केही दशकदेखि चीन र भारतजस्ता ठूलो जगेडा श्रमशक्तिको भण्डार र अथाह सम्भावित बजार भएका अर्थतन्त्रहरूको विश्व पुँजीवादी सञ्जालसँगको घनिष्ठ सम्बन्धन, पराम्परागत पुँजीवादमा वित्तीय पुँजीको बढ्दो प्रभुत्व र चलायमानता, डिजिटल र इन्टरनेट प्रविधिको तीव्र विस्तार आदि कारणले पुँजीवादी भूमण्डलीकरणको गति अति तीव्र बनेको छ । फलस्वरूप अहिले संसारको कुनै पनि कुना विश्व पुँजीवादी सञ्जालको पहुँचबाट अछुतो रहन सकेको छैन । उदाहरणका निम्ति नेपालबाट केही दशकयता पचासौँ लाखको अदक्ष, अर्धदक्ष श्रमशक्ति

खाडी मुलुक, मलेसिया, कोरिया, भारततिर र अर्धदक्ष, दक्ष जनशक्ति उत्तर अमेरिका, युरोप र अस्ट्रेलियातिर लाग्नु त्यही वैश्विक प्रक्रियाको एउटा कडी हो । यसले विश्वव्यापी अर्थ-राजनीतिक र सामाजिक परिवर्तनको ठूलो सम्भावना र चुनौती सँगसँगै अगाडि ल्याएको छ ।

एकातिर, विश्व इतिहासमै वस्तु तथा सेवाको उत्पादन र मानव जातिको कुल धन, सेवा, शिपको आर्जन आकाश छुने गरी चुलिएको छ । जस्तै, सन् १९६१ मा विश्वको कुल जनसंख्याको वार्षिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ४७१ अमेरिकी डलर थियो भने त्यो २०२१ मा २५.९८ गुणा बढेर १२,२३५ डलर भएको छ । त्यो भनेको संसारका आठ अर्ब सबै मानिसलाई बराबर बाड्ने हो भने सबैलाई सम्मानजनक जीवनयापन गर्न पुग्ने आम्दानी हो । त्यही हिसाबले मानिसको पहिलो आवश्यकता भोजन संसारका सबै व्यक्तिलाई बराबर बाड्ने हो भने दैनिक २८०० किलोक्यालोरीका दरले पुग्छ । त्यसरी नै आवास, शिक्षा, स्वास्थ्यलगायत सबै अत्यावश्यक वस्तु र सेवा राम्रो वितरण प्रणाली भएमा सबै मानिसलाई पुग्छ । तर अर्कोतिर, कुल सम्पत्ति र आम्दानी तथा अत्यावश्यक वस्तु तथा सेवाको वितरणमा देश-देशबीचमा र देशभित्र वर्ग, जाति, लिंग, समुदाय, क्षेत्रबीचमा वितरण र पहुँचको ठूलो असमानता पनि त्यत्तिकै टड्कारो छ । जस्तै, विश्वमा कुल सम्पत्तिको वितरणको हिसाबले गरिब ५० प्रतिशतको साथमा दुई प्रतिशत, मध्यम ४० प्रतिशतको साथमा २२ प्रतिशत र धनी १० प्रतिशतको साथमा ७६ प्रतिशत सम्पत्ति छ (विश्व असमानता प्रतिवेदन, २०२१) । त्यसरी नै आम्दानीको वितरणका हिसाबले विश्वका सबभन्दा गरीब ५० प्रतिशतले ८ प्रतिशत, सबभन्दा धनी १० प्रतिशतले ५० प्रतिशत र बाँकी बीचका ४० प्रतिशतले ४२ प्रतिशत हिस्सा प्राप्त गर्दछन् । अनि संसारका १.६ अरब मान्छेसँग अपर्याप्त आवास सुविधा छ भने १० करोड मान्छे आवासविहीन छन् । त्यस्तै, स्वास्थ्यको हकमा सकारात्मक कुरा केही दशकयता मान्छेको आयु बढ्दै गएर महिलाको ७५ वर्ष र पुरुषको ७० वर्ष पुगेको छ । तर, नकारात्मक पक्ष, विश्व स्वास्थ्य संगठनका अनुसार विश्वका आधा मान्छेलाई अझै राम्रो स्वास्थ्य सेवामा पहुँच छैन । शिक्षाको क्षेत्रमा विश्वको साक्षरता दर सन् २०२० मा ८६.८ प्रतिशत पुगेको छ । तर, अझै २५ करोड बालबालिका स्कुल जानबाट वञ्चित छन् । यसरी पुँजीवादी विकास स्वभावैले असमान र विषम हुन्छ र त्यसले देश-देशबीचमा र देशभित्र वर्ग, जाति, लिंग, क्षेत्र, समुदायबीचमा निरन्तर द्वन्द्व सिर्जना गरिरहन्छ भन्ने इतिहासदेखि वर्तमानसम्मको विश्वव्यापी अनुभवले पुष्टि गर्छ ।

पुँजीवादी विश्व अर्थ-व्यवस्थाको अर्को चारित्रिक विशेषता पुँजी र प्रविधिमा एकाधिकार कायम गरेका कम्पनीहरूको बाहुल्य भएका देशहरूले आफ्नो प्रभुत्व विस्तार र रक्षा गर्न राज्यलाई अतिशय सैनिकीकरण गर्नु र विनाशकारी युद्धको सहारा लिनु हो । पुँजीवादको त्यही प्रवृत्ति र रूपलाई लेनिनले 'साम्राज्यवाद' भनेका हुन् र अहिले पनि त्यो प्रवृत्ति विविध रूपमा कायम छ, पुँजीवाद रहेसम्म त्यो कायमै रहन्छ । साथै, विश्व पुँजीवादी केन्द्र कहिले एकलध्रुवीय र कहिले बहु-ध्रुवीय बनिरहन्छ । सन् १९५९ मा सोभियत संघको विघटनपछि अमेरिकी नेतृत्वमा एकलध्रुवीय रहेको पुँजीवादी विश्व अहिले बहुध्रुवीय बन्दै गइरहेको छ । साथै, सैनिक र वित्तीय गठबन्धनहरू पनि नयाँ-नयाँ बन्दै गइरहेका छन् । खासगरी पछिल्ला दशकमा चीनको विश्व आर्थिक महाशक्तिका रूपमा चामत्कारिक उदयपछि विश्वको शक्तिसन्तुलनमा गुणात्मक हेरफेर हुने संकेत मिलिरहेको छ । दोस्रो विश्वयुद्धपछि देखि आणविक हातहतियारको ठूलो त्रास रहिआएको विश्वमा पछिल्लो डिजिटल र इन्टरनेट प्रविधि आधारित

साइबर युद्धको त्रास पनि थपिएको छ । थल र जलमाथि मात्र होइन, नभ (आकाश) माथि पनि प्रभुत्व कायम गर्ने विश्व पुँजीवादी होडबाजीले मानव सभ्यतामाथि नै गम्भीर चुनौती खडा गरेको छ । पछिल्लो डिजिटल जैविक प्रविधिको बेरोकटोक विस्तार, तिनीहरूमाथि केही बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकार र कृत्रिम बौद्धिकता (एआई)को अनियन्त्रित विस्तार र प्रयोगले वर्तमान पुँजीवादी विश्व-व्यवस्थामाथि नै गम्भीर प्रश्न उठ्न थालेका छन् ।

विश्व पुँजीवादी अर्थ-राजनीतिक प्रणालीले सिर्जना गरेको झनै ठूलो चुनौती तीव्र गतिको जलवायु परिवर्तन, वातावरण विनाश, जैविक विविधताको ह्रास, वायु प्रदूषण, हिमनदी नाश, मरुभूमीकरण, समुद्री सतहको वृद्धिलगायतको त्रासदीबाट मानवजाति र प्राणीजगत्को अस्तित्वमाथि नै मडारिँदै गएको खतरा हो । निजी मुनाफाको निम्ति यही गतिमा कार्बन उत्सर्जनजन्य ऊर्जाको प्रयोग र प्रकृतिको विनाशकारी विकासको बाटो अवलम्बन गरिरहे आंकलन गरेभन्दा छिट्टै पृथ्वीको औसत तापक्रम २ डिग्री सेन्टिग्रेड नाघ्ने र मानवजातिको अस्तित्वमा खतरा हुने वैज्ञानिकहरूको पछिल्लो चेतावनी विशेष स्मरणीय छ ।

नेपालजस्तो पराश्रित किनारा पुँजीवादको जालोमा फसेको र भारत र चीनजस्ता दुई ठूला आकारका मुलुक र उदीयमान विश्वशक्तिहरूको चेपुवामा परेको देशले बेलैमा यी अन्तर्राष्ट्रिय आयामहरूको वस्तुनिष्ठ मूल्यांकन गरेर आफ्नो भूमिका र भविष्य तय गर्नुपर्दछ । त्यस निम्ति परम्परागत रूपमा 'हिमालयन फ्रन्टियर' अर्थात् हिमालवारि आफ्नो प्रभाव क्षेत्र ठान्ने भारतको सोच र रणनीति, बेल्ट एण्ड रोड एनिसिएटिभ (बि.आर.आई.)मार्फत नेपाल हुँदै दक्षिण एसियाको विशाल बजारसँग जोडिने चिनियाँ रणनीति र 'इन्डो-प्यासिफिक स्ट्राटेजी' (आइ.पि.एस.)मार्फत उदीयमान महाशक्ति चीनलाई घेर्ने विद्यमान विश्व महाशक्ति अमेरिकाको घोषित रणनीतिलाई ठीकसँग बुझेर आफ्नो राष्ट्रिय हितअनुकूलको रणनीति बनाउन नेपाल सक्षम हुनै पर्छ । विश्वव्यापी रूपमा रहेका अर्थ-राजनीतिक समस्या, पर्यावरणीय समस्या, विनाशकारी आणविक हातहतियार र एआईजस्ता प्रविधिका समस्या र आन्तरिक रूपमा रहेका विशिष्ट भूराजनीतिका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समस्या समाधान गर्ने गरी हामीले आफ्नो मार्गनिर्देशक सिद्धान्त, नीति र कार्यक्रमहरू तय गर्नुपर्दछ । यस सन्दर्भमा अब पुँजीवादभन्दा अघि वढेको र विगतका साम्यवादी प्रणालीका कमजोरीबाट पनि मुक्त नयाँ समाजवादी विचार र प्रणाली २१ औं शताव्दीको अपरिहार्य आवश्यकता हो भन्ने स्वतः सिद्ध छ ।

विश्वका अगुवा चिन्तक र वैज्ञानिकहरूले अघि सारेका विचार, विभिन्न देशमा भएका फरक-फरक प्रयोग र हाम्रो आफ्नै प्रयोग र अनुभवबाट हामीले सिक्नुपर्दछ । मानव समाज रहेसम्म विचारधाराको अन्त्य हुँदैन । विचारधारा भनेको निरन्तर गतिशील प्रकृति र समाजको गतिको नियम हो । गतिका नियम, विशेषतः समाजको गतिका नियम, समय सँगसँगै विकसित र परिमार्जित हुँदै जान्छन् । समाजका गतिका नियम बुझेर र तिनलाई ठीक ढंगले प्रयोग गरेर मात्र समाज रूपान्तरण गर्न र सोचेको गन्तव्यमा पुग्न सकिन्छ । त्यस अर्थमा विचारधारा भनेको रूपान्तरणकारी राजनीतिको मार्गदर्शक यन्त्र हो भन्ने हामीले राम्ररी वुझ्नुपर्दछ ।

शीतयुद्धको अन्त्यपछि केही समय विचारधाराहरूको अन्त्य र पुँजीवाद तथा उदार लोकतन्त्रको एकल वर्चस्वको डंका पिटिए पनि पुनः परम्परागत पुँजीवाद र साम्यवादभन्दा अघि बढेका विचार र अर्थ-राजनीतिक प्रणालीको खोज विश्वव्यापी रूपमा भइरहेको छ। एकातिर दक्षिणपन्थी कोणबाट जातीय-राष्ट्रवाद र धार्मिक-राष्ट्रवादको आडमा दक्षिणपन्थी लोकप्रियतावाद (पपुलिज्म) र विभिन्न स्वतःस्फुर्ततावाद/व्यवहारवादको प्रयोग भइरहेको छ भने अर्कोतिर वामपन्थी कोणबाट प्रगतिशील पुँजीवाद, प्रगतिशील लोकतन्त्र, सहभागितामूलक समाजवाद, सामुदायिक समाजवाद आदि विचार/प्रणालीको पैरवी र प्रयोग भइरहेको छ। हामीले वैज्ञानिक अग्रगामी, जनमुखी सोच र प्रतिबद्धता साथ वर्तमान युग र देशको ठोस स्थितिको ठोस विश्लेषण गरेर आफ्नो बाटो तय गर्नुपर्दछ । विश्वलाई हेर्ने र आफ्नो धरातलमा टेक्ने हाम्रो सोच र शैली हुनुपर्दछ ।

## ३.०. राष्ट्रिय आयाम

सात दशकसम्मको जनताको सशस्त्र र शान्तिपूर्ण आन्दोलनको बलमा देशमा संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । २०७२ सालमा संविधान जारी भएयता देशमा संघ, प्रदेश र स्थानीय तहका दुईवटा निर्वाचन सम्पन्न भइसकेका छन् । विगतको तुलनामा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा उल्लेखनीय सुधार पनि भएको छ । तर, युगको आवश्यकता, जनताको चाहना र प्रगतिको सम्भावनाको तुलनामा अहिलेसम्मका उपलब्धिबाट सन्तुष्ट हुने अवस्था छैन । बरु राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रका संरचनात्मक समस्याहरू झन् पेचिला बन्दै गएका छन् र आमजनताको असन्तुष्टि, निराशा र आक्रोश चुलिँदै गएको छ । देशभित्रका यी गम्भीर समस्यालाई ठीक ढंगले पहिचान गरेर समाधान गर्नु आजको ज्वलन्त आवश्यकता हो ।

### ३.१ संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकास

हामीले संविधान जारी भएकै दिनदेखि भन्दै आएका छौँ- यो संविधान 'आधा भरी र आधा खाली गिलास' जस्तो छ । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्, जातीय/भाषिक पहिचानका आधारमा प्रदेशहरूको पुनः सीमांकन र नामांकन लगायतका संशोधन नभएसम्म राजनीतिक अस्थीरता र जनताको असन्तुष्टि कायम रहन्छ भन्ने कुरा अहिले व्यवहारतः पुष्टि हुँदै गइरहेछ। दुईपटकको आमनिर्वाचनपछि पनि देशको राजनीतिक स्थीरता कायम हुन सकेको छैन । राजनीतिक स्थीरताविना सुशासन र आर्थिक-सामाजिक रूपान्तरण हुन सक्ने कुरै भएन । अर्कोतिर, अधुरो संघीयता पनि बेलैमा ऐन-कानुन बनाएर ठीकसँग कार्यान्वयन नहुँदा प्रदेशहरूले पनि जनताको अपेक्षा पूरा गर्न सकिरहेका छैनन् । मधेस प्रदेशबाहेक अरू सबै प्रदेशको नामकरण पुरानै पञ्चायती अञ्चलहरूको जस्तो गरी भएको छ। जसले गर्दा उत्पीडित जाति र आम जनतामा निराशा र असन्तुष्टि बढ्दै गइरहेछ । त्यो धमिलो पानीमा माछा मार्न पुनरुत्थानवादी शक्तिहरू संघीय लोकतान्त्रिक गणतन्त्रको विरुद्धमा नै सल्बलाउन खोजिरहेछन् ।

यो स्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै जनताको सुशासन, समृद्धि र सामाजिक न्यायको आकांक्षा पूरा गर्नु लोकतान्त्रिक, प्रगतिशील, समाजवादी शक्तिहरूको साझा दायित्व हो । परन्तु संघीय लोकतान्त्रिक गणतन्त्रको वास्तविक रक्षा शासकीय स्वरूप र संघीयतामा आवश्यक सुधार, सुशासनको प्रत्याभूमि, समानुपातिक समावेशी प्रतिनिधित्वको सही कार्यान्वयन र तीव्र आर्थिक विकासविना सम्भवै छैन । विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग, समुदायका जनता र विशेषतः उदीयमान युवापुस्ताको बढ्दो आकांक्षा पूरा गरेर मात्र ठूलो बलिदानस्वरूप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रप्रति आमजनताको अपनत्व स्थापित गर्न सकिन्छ ।

गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रको निम्ति लडेका व्यक्ति र शक्तिहरूको नै क्रमशः स्खलन र भ्रष्टीकरण, व्यवस्था परिवर्तनपछि जनजीवनमा त्यसको अपेक्षित प्रतिफलको अभाव र क्रान्तिकारी आन्दोलनपछि हुर्केको युवापुस्तामा ऐतिहासिक क्रान्तिचेतको प्रवाहमा कमी जस्ता कमजोरीले पनि आज संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न कठिन भइरहेछ । गणतन्त्रनिम्ति लडेका नेताहरू नै सत्तामा पुगेपछि राजशी ठाँटबाँटमा रमाउनु, संघीयताका मसिहा मानिएका नेताहरू नै निजी सत्तालिप्सानिम्ति घोषित संघीयता विरोधीहरुसँग टाँसिन पुग्नु, धर्मनिरपेक्षताको दुहाइ दिनेहरू नै चुनावी लाभका निम्ति धार्मिक कट्टरपन्थीहरूको हुलमा मिसिएर एकल धार्मिक राज्यको वकालत गर्नु, समावेशी लोकतन्त्रका पक्षधरहरू सत्तामा पुग्दा चरम असमावेशी व्यवहार गर्नु, योभन्दा ठूलो विडम्बना अरू के हुन सक्छ ?

संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति सबभन्दा बढी योगदान र बलिदान गरेको माओवादी जनयुद्धपश्चात् सम्पन्न बृहत् शान्ति सम्झौता र मधेस आन्दोलन, थरुहट आन्दोलन, आदिवासी जनजाति आन्दोलनलगायतमा भएका सम्झौताको पूर्ण कार्यान्वयन पनि संविधान र व्यवस्थाको रक्षानिम्ति महत्वपूर्ण छ । खासगरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगको काम छिटो सम्पन्न गर्न जरुरी छ । नत्र देशमा अर्को द्वन्दको खतरा मडारिन सक्छ ।

अतः भनाइ र गराइ दुवैमा वर्तमान संविधानका प्रमुख आधारशिला गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रप्रति प्रतिबद्ध शक्तिहरूको सहकार्य र ध्रुवीकरणमार्फत वर्तमान संविधानको 'आधा गिलास' रक्षा गर्दै 'पूरा गिलास' भर्ने अभियानमा अग्रसर हुनु जरुरी भएको छ । वर्तमान नेपाली सन्दर्भमा यी चार आधारशिलामध्ये कुनै एक जानेर वा नजानेर भत्काउँदा पूरै लोकतान्त्रिक संरचना भत्कन सक्छ भन्ने बुझ्न उत्तिकै जरुरी छ । साथै, लोकतन्त्रका यी आधारशिलामा टेकेर मात्र समृद्धि र समाजवादको दिशामा अघि बढ्न सकिन्छ भन्ने सबैले हेक्का राख्न जरुरी छ । यो आधारभूत वैचारिक-राजनीतिक विषयमा प्रस्टता नयाँ उदीयमान अग्रगामी वैकल्पिक शक्तिहरूका निम्ति विशेष महत्वपूर्ण छ ।

### ३.२. अर्थतन्त्रका संरचनात्मक समस्या

देशमा ठूलो क्रान्तिकारी राजनीतिक परिवर्तनपछि पनि नेपाली अर्थतन्त्रका गम्भीर संरचनात्मक समस्या हल हुन सकिरहेका छैनन् । फलस्वरूप अल्पविकास, गरिबी, बेरोजगारी, परनिर्भरता,

असमानता आदि हाम्रा अर्थतन्त्रको दु:साध्य समस्या बनेका छन् । देश अझैसम्म अतिकम विकसित मुलुकको श्रेणीमा हुनु, वार्षिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जिडिपी) विश्वको औसतभन्दा दश गुना कम हुनु, पचासौँ लाख बेरोजगार युवा वैदेशिक रोजगारीमा जान बाध्य हुनु, ६० प्रतिशत श्रमयोग्य जनसंख्या कृषिमा आश्रित हुनु, निर्यातभन्दा आयात १३ गुणा बढी हुनु, वार्षिक पुँजीगत खर्च (रु. ३ खर्ब २ अर्ब) भन्दा ऋणको साँवा-ब्याज (रु. ३ खर्ब ७ अर्ब) बढी हुनु, बैंकमा देशको जिडिपीभन्दा बढी रकम जम्मा हुनु तर तरलता अभाव रहनु आदि सूचकांकले नेपाली अर्थतन्त्रको गम्भीर संरचनात्मक समस्याको पुष्टि गर्दछ ।

झनै विडम्बनापूर्ण र चिन्ताजनक कुरा के भने गत ६० वर्षमा विश्वका हाम्रा समकक्षी र छिमेकी देशले विकासको भऱ्याङमा कहाँबाट कहाँ फड्को मारे तर हामीचाहिँ कछुवाको गतिमा पुछारको पुछारमै छौँ । त्यसबीचमा राजनीतिक परिवर्तन निरंकुश राजतन्त्रबाट संसदीय राजतन्त्र हुँदै गणतन्त्रसम्म पुग्यो तर हाम्रो अर्थतन्त्रको मूलनीति र गतिमा कुनै गुणात्मक परिवर्तन भएको छैन । उदाहरणका निम्ति, सन् १९६१ देखि २०२१ सम्मका ६० वर्षमा हाम्रो अर्थतन्त्रको वार्षिक वृद्धिदर कहिल्यै दुई अंकको (अर्थात् १० प्रतिशत वा माथि) भएको छैन र आठ वर्ष मात्र सात प्रतिशतभन्दा माथि छ । यहीबीचमा महान् फड्को हानेको चीनले २२ वर्ष दुई अंकको वृद्धिदर र अर्को २२ वर्ष सात प्रतिशतभन्दा बढी वृद्धिदर हासिल गरेको छ । त्यसरी नै सिंगापुर, कोरिया र मलेसियाले यही अवधिमा दुइ अंकको वृद्धिदर क्रमशः १७, १६ र ४ वर्ष र ७ प्रतिशतभन्दा माथिको वृद्धिदर क्रमशः १७, १८ र २२ वर्ष हासिल गरेका छन् । फलस्वरूप सन् १९६० को दशकमा हाम्रोभन्दा कम प्रतिव्यक्ति जिडिपी भएको चीनको अहिले १० गुणा बढी छ । त्यसरी नै पहिले हाम्रो बराबर भएको भारतको प्रतिव्यक्ति जिडिपी अहिले अढाई गुणा बढी छ । अनि कोरियाको पहिले हामीभन्दा साढे तीन गुणा बढी भएकोमा अहिले ३६ गुणा बढी छ ।

अर्थतन्त्रको संरचनात्मक समस्या मापन गर्ने अर्को महत्वपूर्ण आधार कृषि, उद्योग र सेवा क्षेत्रमा कुल श्रमशक्तिको संलग्नता र जिडिपीमा योगदानको अनुपात हो । विकसित र स्वस्थ अर्थतन्त्रमा ठूलो श्रमशक्ति कृषिबाट उद्योग र सेवा क्षेत्रमा स्थानान्तर हुन्छ र त्यही अनुपातमा जिडिपीमा पनि योगदान हुन्छ । तर, हाम्रो विगत ५० वर्षदेखिको प्रवृत्ति हेर्ने हो भने (मोटामोटी संख्यामा) सन् ७० को दशकमा कृषिको हिस्सा रोजगारीमा ९२ प्रतिशत र जिडिपीमा ६५ प्रतिशत, उद्योगको रोजगारीमा २ प्रतिशत र जिडिपीमा २० प्रतिशत र सेवाको रोजगारीमा ६ प्रतिशत जिडिपीमा १५ प्रतिशत थियो । अहिले २०२० को दशकमा आइपुग्दा कृषिको रोजगारीमा ६० प्रतिशत र जिडिपीमा २४ प्रतिशत, उद्योगको रोजगारीमा १२ प्रतिशत र जिडिपीमा १४ प्रतिशत र सेवाको रोजगारीमा २८ प्रतिशत र जिडिपीमा ६२ प्रतिशत छ । यसरी श्रमशक्तिको अत्यधिक हिस्सा कृषिमा आश्रित हुनु र त्यसको उत्पादकत्व घट्नु, उद्योगको अवस्था गतिहीनतामा रहनु र कम रोजगारी दिने सेवा क्षेत्रले जिडिपीको ठूलो हिस्सा ओगट्नु भनेको हाम्रो अर्थतन्त्रको अवस्था पेट फुलेको दुब्लो रोगी मान्छेको अवस्थाजस्तै छ । उत्पादनमूलक कृषि क्षेत्रको आधुनिकीकरण हुन नसक्नु र उद्योग क्षेत्रको विकास अवरुद्ध हुनुकै परिणामस्वरूप नेपाली अर्थतन्त्र श्रम निर्यात गर्ने र वस्तु आयात गर्ने परनिर्भर 'किनारा पुँजीवाद'को भद्दा नमुना बन्न पुगेको हो । जिडिपीको एक चौथाई हिस्सा विप्रेषणले ओगट्नु र राज्यको कुल वार्षिक

राजस्वको करिब ४४ प्रतिशत र कर राजश्वको ५० प्रतिशत भन्सारमा आश्रित हुनु पराश्रित अर्थतन्त्रकै द्योतक हो ।

यो समग्र अल्पविकास, न्यून वृद्धि र परनिर्भरता सँगसँगै वर्गीय, जातीय, क्षेत्रीय, लैंगिकलगायतका संरचनात्मक असमानता पनि नेपाली अर्थतन्त्रको चर्को चारित्रिक विशेषता हो । १७ प्रतिशत जनसंख्या अझै निरपेक्ष गरिबीको रेखामुनि छ भने गरिबी बढी दलित, उत्पीडित जाति, कर्णालीलगायतका दुर्गम र पिछडिएका क्षेत्र, केही मधेसका जिल्ला र आम ग्रामीण इलाकामा केन्द्रित छ । वित्तीय संघीयताको कार्यान्वयन सँगसँगै स्थानीय तहहरूमा आर्थिक विकासका गतिविधि बढे पनि अझै अपर्याप्त छन् । बाटो, बिजुली, खानेपानी, सञ्चार, शिक्षा, स्वास्थ्य सेवा, बैंक आदि पूर्वाधारहरूको विस्तार र विप्रेषणको रकमको पहुँचले गाउँ र सहरको विभेदीकरणलाई तीव्रता दिँदै छ । विशाल पिछडिएका ग्रामीण क्षेत्रहरू सँगसँगै साना र मझौला सहरहरू पनि उदाउँदै छन् । ऐतिहासिक रूपले सहरीकरणको नेतृत्व गर्दै आइरहेको संघीय राजधानी काठमाडौं र अरु शहरको दूरी कायमै छ । राजनीतिक शक्तिको आड लिएर राज्यसत्ताको बेरोकटोक दोहन गर्ने आसेपासे पुँजीपतिवर्गको उदयले सामाजिक असमानतालाई डरलाग्दोसँग बढाउँदै लगेको छ ।

संरचनात्मक ढंगले जरा गाड्दै गएको भ्रष्टाचार नेपाली अर्थतन्त्रको अर्को प्रमुख समस्या बनेको छ । राजनीतिक नेतृत्वदेखि कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा अंग, निजी व्यवसायी, ठेकेदार, बिचौलिया हुँदै जनस्तरसम्म फैलिएको भ्रष्टाचारको संस्कृतिले अर्थतन्त्र तहसनहस पार्दै छ । सतहमा आएका र नआएका ठूला भ्रष्टाचार काण्डहरूको उचित छानबिन गरेर निष्कर्षमा पुऱ्याउन र भ्रष्टाचार निवारण गर्न संवैधानिक र न्यायिक अंगहरू सक्षम भइरहेका छैनन् । एक अध्ययनअनुसार भ्रष्टाचार नियन्त्रण सूचकांकको एक इकाइ वृद्धि हुँदा प्रतिव्यक्ति जिडिपी औसत ६.९ प्रतिशतले वृद्धि हुन्छ । त्यस आधारमा नेपालमा व्यापक भ्रष्टाचारका कारण अर्थतन्त्रमा कसरी खर्बौंको नोक्सान भइरहेको छ, सहजै अनुमान गर्न सकिन्छ ।

नेपाली अर्थतन्त्रका निम्ति अर्को ठूलो संरचनात्मक समस्या भारतसँगको खुला सिमाना हो । सामाजिक, सांस्कृतिक रूपले सीमानजिक बस्ने दुवै देशका जनतालाई आपसी सम्बन्ध विस्तार गर्न यसले सहयोग पनि गरेको छ । तर, अर्थतन्त्रको आफ्नै नियम हुन्छ । ठूलो स्केलमा उत्पादन गरेका वस्तु सस्तो हुन्छन्, त्यसैले खुला बजार अर्थतन्त्रमा सानोले ठूलोसँग प्रतिस्पर्धा गर्नै सक्दैन । अहिलेको भारतीय अर्थतन्त्र नेपालको भन्दा ७५ गुणा ठूलो छ र हाम्रोभन्दा विकसित पनि छ । विगतमा नेपालका औद्योगिक वस्तुहरूले भारतमा ठूलो स्केलमा उत्पादन भएका वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसकेर नेपाली उद्योगहरू धराशयी भएका थिए । केही समययता नेपालका कृषिजन्य वस्तुहरूले भारतबाट आयातित कृषिजन्य वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसकेर नेपालको कृषिक्षेत्र धराशयी भइरहेछ । हाम्रा खेतबारी बाँझै छन् र हाम्रा युवाहरू रोजगारीका निम्ति विदेश पलायन हुन बाध्य भइरहेछन् । तसर्थ, भारतसँग कूटनीतिक वार्ताका माध्यमबाट हामीले यो समस्या हल नगरेसम्म नेपाली अर्थतन्त्रले गुणात्मक फड्को मार्नै सक्दैन ।

समग्रमा, विश्व अर्थतन्त्र, क्षेत्रीय अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रको अन्तरसम्बन्धलाई केलाएर नेपालको अर्थतन्त्रका संरचनात्मक समस्या गुणात्मक ढंगले हल गर्नु अबको वैकल्पिक राजनीतिक शक्तिको

मुख्य कार्यभार हुनुपर्दछ । एक्काइसौँ शताब्दी 'एसियाली शताब्दी' हुने प्रक्षेपण भइरहेको र नेपाल एकापट्टि विश्वको दोस्रो ठूलो अर्थतन्त्र रहेको चीन र अर्कोपट्टि पाँचौं ठूलो अर्थतन्त्र रहेको भारतको बीचमा हुनुलाई अवसर र चुनौती दुवैको रूपमा ग्रहण गर्नुपर्दछ । त्यसनिम्ति पनि सही राजनीतिक नेतृत्व र आर्थिक नीति जरुरी छ ।

## ३.३. राजनीतिक शक्तिहरूको अवस्था

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त मुलुक भएको र ऐतिहासिक रूपले यसको आधुनिक अर्थ-राजनीतिक रूपान्तरण र लोकतान्त्रीकरण ढिलो भएकाले राजनीतिक दलहरूको गठन, पुनर्गठन, ध्रुवीकरणको प्रक्रिया पनि केही मौलिक प्रकृतिको रहेको छ । यहाँ केही पुराना दलहरू दोस्रो विश्वयुद्धको लगत्तै पछिको शीतयुद्धकालीन वैचारिक-राजनीतिक धारका बाहक छन् भने केही २०४६ सालको परिवर्तनदेखि २०६२/०६३ को आन्दोलन र जनक्रान्तिले अघि ल्याएका विचार र मुद्दाका वाहक छन् । केही २०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी भएपछिका नयाँ परिवेशको विचार र मुद्दाका वाहक दलहरू भर्खर उदाउँदै छन् ।

तिनलाई मोटामोटी रूपमा यसरी वर्गीकरण गरेर हेर्न सकिन्छ :

### (क) उदारवादी लोकतान्त्रिक धार

देशको पुरानो पार्टी नेपाली कांग्रेस यो धारको प्रमुख शक्ति हो । यसले आफूलाई 'प्रजातान्त्रिक समाजवादी' भने पनि यसको मूल चरित्र पुँजीवादी उदारवादी लोकतान्त्रिक हो । २००७ सालदेखि लोकतान्त्रिक आन्दोलनको विरासत बोकेको हुनाले यसको समाजका सबै वर्ग, जाति, समुदायमा उल्लेख्य पहुँच छ । पछिल्लो चरणमा यसले आफूलाई समयानुकूल रूपान्तरण गर्न नसकेको हुनाले यसको शक्ति खुम्चिँदै गएको छ । नेपालको पिछडिएको अर्थ-राजनीतिक धरातल र बहुजातीय, बहुभाषिक, क्षेत्रीय विविधतायुक्त परिवेशमा यसले मूलतः अनुसरण गर्ने पुँजीवादी उदारवादी नीतिबाट देशको संरचनात्मक समस्या हल हुन असम्भव छ ।

### (ख) साम्यवादी धार

अन्तर्राष्ट्रिय साम्यवादी आन्दोलनकै कडीका रूपमा २००६ सालमा स्थापना भएको 'नेपाल कम्युनिस्ट पार्टी'का विभिन्न चिराहरू यो धारमा पर्दछन् । तीमध्ये एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, मसाल, नेमकिपा, वैद्य समूह, विप्लव समूह आदि उल्लेखनीय छन् । विचार र व्यवहारमा केही अन्तर भए पनि सबैले 'मार्क्सवाद-लेनिनवाद' र केहीले 'माओवाद/विचार'लाई आफ्नो मार्गनिर्देशक सिद्धान्त, 'जनवादी केन्द्रीयता'लाई संगठनात्मक सिद्धान्त र 'जनवाद'बाट 'वैज्ञानिक समाजवाद' हुँदै 'साम्यवाद'सम्म पुग्ने आफ्नो राजनीतिक अभीष्ट मान्दछन् । केहीले बाहेक सबैले संसदीय बाटोबाटै अघि बढ्ने प्रयत्न गरिरहेकाले भनाइ र गराइ तथा बाटो र लक्ष्यको अन्तरविरोधले उनीहरूलाई लामो समयसम्म टिक्न दिँदैन भन्ने अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ । बेलैमा नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्तिमा रूपान्तरित भएर बृहत् ध्रुवीकरण नगर्ने हो भने अहिलेकै 'साम्यवादी'रूपमा लामो समय अघि बढ्न कठिन हुनेछ ।

### (ग) पुनरुत्थानवादी संवर्द्धनवादी धार

राजतन्त्र र हिन्दू राज्यको पुनर्स्थापनालाई मुख्य मुद्दा बनाउने यो पुनरुत्थानवादी धारको मुख्य शक्ति राप्रपा हो । जुनसुकै समाजमा पनि हुने पश्चगामी र रुढिवादी सोच राख्ने सानो तप्काको प्रतिनिधित्व गर्ने यो शक्तिबारे खासै चर्चा गरिराख्नु जरुरी हुन्न ।

### (घ) जातीय/क्षेत्रीय पहिचानवादी धार

मधेसी, आदिवासी जनजाति, थारू आदि हिजोदेखि वञ्चितीकरणमा परेका जाति/क्षेत्रको पहिचान र अधिकारको मुद्दाकेन्द्रित राजनीति गर्ने यो धारका प्रतिनिधिहरूमा जसपा, लोसपा, जनमुक्ति, लिम्बूवान मंच लगायतका दल पर्दछन् । बहुजातीय/बहुभाषिक र क्षेत्रीय विविधायुक्त मुलुकमा एकल जाति वा क्षेत्रको मात्र मुद्दा उठाएर घोषित लक्ष्य पूरा गर्न र लामो समय टिक्न यी दलहरूलाई कठिन हुनेछ ।

### (ङ) नयाँ/वैकल्पिक शक्तिहरू

संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपछि नयाँ युगका नयाँ समस्या नयाँ ढंगले हल गर्ने वैकल्पिक राजनीतिको एजेन्डासहित वा पुराना दलहरूको विकल्प बन्ने चाहनासहित नयाँ-नयाँ दलहरूको उदय भइरहेछ । आ-आफ्नै ढंगले तिनीहरूको उदय भएकाले तीबारे छुट्टाछुट्टै संक्षिप्त चर्चा गर्नु उपयुक्त हुनेछ ।

**(i) राष्ट्रिय स्वतन्त्र पार्टी :** २०७९ को प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा गठित यो पार्टीले पहिलो निर्वाचनमै राष्ट्रिय पार्टी र चौथो ठूलो पार्टीको हैसियत प्राप्त गरेको छ । संवैधानिक समाजवाद, योग्यता र कर्मशीलता, भ्रष्टाचारमा शून्य सहनशीलता, प्रत्यक्ष लोकतन्त्र आदि विषयलाई आफ्नो 'दर्शन र प्रतिबद्धता' बनाएको यो पार्टीको वैचारिक धार अझै प्रस्ट छैन । अनौपचारिक कुराकानीमा यसले आफूलाई 'राइट-अफ सेन्टर' (मध्य दक्षिण) धारको भन्ने गर्दछ ।

**(ii) विवेकशील साझा पार्टी :** २०७४ को स्थानीय निर्वाचनमा वैकल्पिक राजनीतिको नारासहित विशेषतः काठमाडौंमा उल्लेख्य मत ल्याएर चर्चामा आएको यो पार्टी यसको मुख्य नेतृत्वले नै पश्चगामी राजावादी बाटो लिएपछि पुनः संगठित हुने प्रयत्नमा छ । प्रगतिशील लोकतान्त्रिक धारमा उभिएर वैकल्पिक राजनीति गर्ने यसको प्रतिबद्धता कसरी अगाडि बढ्छ ? पर्खेर हेर्नुपर्नेछ ।

**(iii) जनमत पार्टी :** मधेसको पहिचान र अधिकारलाई मुख्य मुद्दा बनाएर गठन भएको यो पार्टी २०७९ को निर्वाचनपछि मधेसमा शक्तिका रूपमा स्थापित भएको छ । पहिले नै जातीय/क्षेत्रीय पार्टीहरूले भरिएको मधेसमा त्यस भन्दा माथि नउठी यसले कसरी आफ्नो फरक पहिचान र अस्तित्व कायम गर्छ ? जिज्ञासाको विषय छ ।

**(iv) नागरिक उन्मुक्ति पार्टी :** उत्पीडित थारू जातिको मुद्दा उठाएर विशेषतः पश्चिम तराईमा २०७९ को निर्वाचनसँगसँगै उदय भएको यो पार्टीको आगामी दिनको यात्रा पनि पर्खेर हेर्नुपर्ने स्थिति छ ।

(**v**) **आम जनता पार्टी :** पहिले माओवादी र पछि एमालेबाट विद्रोह गरेर बनेको यो पार्टी २०७९ को निर्वाचनपछि प्रतिनिधिसभामा उपस्थितिसहित अस्तित्वमा आएको छ। प्रगतिशील वामपन्थी रुझानको यो पार्टी भविष्यमा कुन कित्तामा उभिन्छ समयले नै बनाउनेछ।

(**vi**) **नेपाल समाजवादी पार्टी :** समावेशिता, संघीयता, सुशासन, समृद्धि, समाजवादको विचार र एजेन्डामा आधारित हाम्रो पार्टी नेपाल समाजवादी पार्टी देशमा बृहत् प्रगतिशील, लोकतान्त्रिक समाजवादी ध्रुवीकरणसहित नयाँ समाजवादी वैकल्पिक शक्ति निर्माण गर्ने अभियानमा क्रियाशील छ। जसबारे पछि विस्तारमा चर्चा गरिनेछ।

## ४.०. नयाँ शक्तिदेखि नेसपासम्म : आलोचनात्मक समीक्षा

- सफलताको प्राप्ति जिज्ञासा, एकाग्रता, लगनशीलता र आत्मालोचनाबाट हुन्छ।

-आल्बर्ट आइन्सटाइन

- आत्मालोचनाको तहमा उठ्नु भनेको कमजोरीको होइन, उच्च परिपक्वताको संकेत हो।

-मार्टिन लुथर किङ, जुनियर

आज हाम्रो पार्टी आफ्नो पहिचान र अस्तित्वको संकटको गम्भीर मोडमा उभिएको छ। हामी कहाँ जान हिँडेका थियौँ, कहाँ पुग्यौँ ? हामी वैकल्पिक राजनीतिक शक्ति हौँ कि परम्परागत पुरानै पार्टीका लाचार छाया हौँ ? किन हामीले पटक-पटक पार्टीको नाम र चुनाव चिह्न फेरिरह्यौँ ? हामी झुक्किएका हौँ कि, ठगिएका हौँ कि, जानाजान निहित स्वार्थका निम्ति कहिले यता कहिले उता गरेका हौँ ? हाम्रो बाटो मात्र घुमेको हो कि गन्तव्य नै फेरिएको हो ? यसको निम्ति को कति जिम्मेवार छ ? अब के गर्ने ? हामीसँग के-के विकल्प छन् ? यी तमाम प्रश्नको तथ्यपरक उत्तर हामीले खोज्नै पर्छ। त्यसनिम्ति सर्वप्रथम हामी आत्मालोचक बन्नैपर्छ। जो बढी जिम्मेवारीमा छ, ऊ त्यति नै बढी आत्मालोचक बन्नुपर्दछ।

हामीले संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपछि संविधानका अपूर्णतालाई पूर्णता दिन र देशलाई समावेशी लोकतन्त्र, संघीयता, सुशासन र समृद्धिसहित समुन्नत समाजवादको दिशामा अघि बढाउन नयाँ वैकल्पिक शक्ति निर्माणको अभियान सुरु गर्नु सही थियो। अहिले देशमा पुराना राजनीतिक शक्तिहरूको विरोधमा व्यापक जनमत बन्दै जानु र नयाँ-नयाँ शक्तिहरूको उदय हुँदै जानुले त्यसको यथेष्ट पुष्टि गर्दछ। हामीले उठाएका पाँच 'स'का मुद्दाहरू मूल रूपमा देशकै मुद्दा बनिसकेकाले हाम्रो वैचारिक-राजनीतिक धरातल पनि सही नै थियो भन्ने पुष्टि हुन्छ। बीचमा विभिन्न पार्टी र समूहहरूसँग एकता गर्ने क्रममा पार्टीको नाउँ नयाँ शक्ति पार्टी, समाजवादी पार्टी, जनता समाजवादी पार्टी र नेपाल समाजवादी पार्टी र फरक-फरक चुनाव चिह्न (आँखा, मसाल, छाता र हँसिया-हथौडा) भए पनि पार्टीको निर्देशक विचार र कार्यक्रम पाँच 'स' नै भएकाले हामीले विचार र लक्ष्य नै त्यागेका थिएनौँ भन्ने पनि साबित हुन्छ।

तैपनि पार्टीको छवि किन धमिलियो र किन कमजोर भयो त ? कहाँ-कहाँ गल्ती र कमजोरी भयो त ? तिनलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**(i) हतारमा पार्टी घोषणा गर्नु :** दोस्रो संविधानसभा कालमा नै २०७० फागुन २५ गतेको 'नेपाल साप्ताहिक'मा बाबुराम भट्टराईको लामो आलेख 'खाँचो नयाँ शक्तिको' छापिएपछि राष्ट्रिय स्तरमा वैकल्पिक राजनीतिक शक्तिको औचित्य र आवश्यकताबारे बहस चलेको थियो । भलै त्यसभन्दा अघि पनि स्थानीय स्तरमा बहस र केही प्रयोग नभएका हैनन् । २०७२ सालमा संविधान जारी भएपछि नयाँ शक्ति निर्माणबारे बहस र पहल नयाँ उचाइबाट भयो । विभिन्न पार्टी परित्याग गरेका र राज्य र समाजका विभिन्न क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरिसकेका व्यक्तिहरूको संलग्नतामा २०७२ माघमा 'नयाँ शक्ति निर्माण अभियान' शुरु भयो । त्यसले स्वाधीनता, समावेशी/समानुपातिक/सहभागितामूलक लोकतन्त्र, सुशासन/सदाचार, समतामूलक समृद्धि र समुन्नत समाजवादका ५ 'स'लाई मूल वैचारिक-राजनीतिक आधार बनाएर देशव्यापी अभियान चलाउने र तलैदेखि जनताको सहभागितामा 'नयाँ शक्ति'को संगठनात्मक आधार तयार गर्ने काम शुरु गऱ्यो । त्यसै क्रममा २०७३ जेठ ३०-३१ गते काठमाडौंको दशरथ रंगशालामा देशभरिका करिब एक लाख सदस्य र समर्थकको उपस्थितिमा पार्टी स्थापनाको घोषणा गऱ्यो । त्यसपछि त्यो नयाँ शक्ति अभियान र पार्टीको आकर्षण देखेर विभिन्न प्रवृत्ति र पात्रहरू बेरोकटोक त्यस अभियानमा प्रवेश गरे । अभियानका नेतृत्वकर्ताहरू स्वयंमा निजी आकांक्षाहरु पलाउन थाले र नयाँ शक्ति अभियानले बाटो बिराउन थाल्यो ।

अहिले फर्केर हेर्दा र निष्कर्ष मूल्यांकन गर्दा त्यसरी हतारमा पार्टी घोषणा गर्नु नै पहिलो गल्ती थियो । केही समय विभिन्न राष्ट्रिय र जनसरोकारका विषयमा सशक्त अभियान चलाएर त्यसबाट निर्मित र दीक्षित जनाधार, व्यक्ति र शक्तिहरूबाट वैकल्पिक पार्टी निर्माण गर्नुपर्दथ्यो । त्यसरी मात्र नयाँ वैकल्पिक शक्तिको बलियो जग निर्माण हुन्थ्यो ।

**(ii) अरूसँग तालमेल गरेर चुनावमा जानु :** २०७४ को फरक-फरक चरणमा भएका तीनै तहका चुनावमा आफ्नै चुनाव चिह्न र स्वतन्त्र अस्तित्वसहित सहभागी हुनुपर्नेमा अन्यथा गर्नु अर्को ठूलो गल्ती भयो । स्थानीय चुनावमा तत्कालीन सत्तामा रहेकाहरूले नयाँ पार्टीहरूलाई चुनाव चिह्न नै नदिएर घेराबन्दी गरेका थिए । तैपनि भर्खर उदाउँदै गरेको नयाँ पार्टीले अरूको चुनाव चिह्न लिएर लड्नुभन्दा स्वतन्त्र चिह्न लिनु वा चुनावै नलड्नु उपयुक्त हुन्थ्यो । संघ र प्रदेशको चुनावका क्रममा पहिले एमाले र माओवादी केन्द्रसँग गठबन्धन गर्नु र पछि त्यसलाई छाडेर कांग्रेससँग तालमेल गरेर चुनावमा भाग लिनु निकै प्रत्युत्पादक भयो । कांग्रेस, एमाले र माओवादीजस्ता पुरानो संस्थापनको मूलधारसँग जोडिएर वैकल्पिक शक्ति निर्माण गर्न खोज्नु आफैंमा अन्तरविरोधी कुरा थियो । त्यसनिम्ति पार्टीको मूल नेतृत्व मुख्य रूपमा आत्म-आलोचक बन्नैपर्छ ।

**(iii) हतारिएर पार्टी एकता गर्नु :** २०७४ को आमनिर्वाचनको मिश्रित अनुभवपछि नयाँ वैकल्पिक शक्ति निर्माण अभियानलाई पुनः नयाँ शिराबाट अघि बढाउने महत्वपूर्ण पहलहरू भए । तीमध्ये वैचारिक रूपमा २०७४ फागुनमा बुद्ध जन्मस्थल लुम्बिनीबाट जारी गरिएको 'लुम्बिनी-संकल्प २०७४' र व्यावहारिक रूपमा २०७५ माघ १५ देखि फागुन १५ सम्म गरिएको पूर्वको चिवा

भञ्ज्याङदेखि पश्चिमको झुलाघाटसम्मको ‘मध्यपहाडी यात्रा’ विशेष महत्वका थिए । परन्तु त्यसपछि समग्र वैचारिक-राजनीतिक, संगठनात्मक र रणनीतिक लक्ष्यका विषयमा पर्याप्त छलफल र सहमतिविनै २०७६ वैशाख २३ गते ‘संघीय समाजवादी फोरम’सँग एकता गरेर ‘समाजवादी पार्टी’ र त्यसको झन्डै एक वर्षपछि २०७७ वैशाख १० गते ‘राष्ट्रिय जनता पार्टी’सँग एकता गरेर ‘जनता समाजवादी पार्टी’ निर्माण गरियो । सैद्धान्तिक रूपमा ती दुवै एकता सही थिए । खास गरी इतिहासदेखि शासक वर्गले निर्माण गरेको पहाड र मधेसबीचको दूरी मेटाएर राष्ट्रिय एकता कायम गर्न र बढ्दो भूराजनीतिक तनावबीच देशको खण्डताको रक्षा गर्न ती पहल महत्वपूर्ण थिए । तर, त्यो एकता कायम गर्न नसक्नुको कारण र त्यसबाट वैकल्पिक शक्ति निर्माण अभियानमा सिकेको पाठ यहाँ उल्लेख गर्नै पर्छ ।

पहिलो, वैचारिक-राजनीतिक कारण नै हो । हाम्रो समग्र पाँच ‘स’का आधारमा राष्ट्रिय शक्ति निर्माण गर्ने सोच र त्यहाँका केही प्रमुख नेताहरूको बिल्कुल क्षेत्रीयतावादी र जातिवादी संकीर्ण सोचबीचको अन्तरविरोध हो । दोस्रो, उनीहरूको जसरी पनि सरकारमा गएर राज्यस्रोतको दोहन गर्ने प्रवृत्ति र हाम्रोचाहिँ सरकारलाई आवश्यकताअनुसार आफ्नो घोषित एजेन्डा प्राप्ति निम्ति उपयोग गर्ने तर सुशासन/सदाचार लगायत हाम्रा प्रतिबद्धतामा दृढ रहने अडानबीचको अन्तरविरोध हो । तेस्रो, संगठनलाई चुस्तदुरुस्त राख्ने र सामूहिक ढाँचामा चलाउने हाम्रो सोच र भद्रगोल संगठनलाई व्यक्तिवादी मनमौजी ढंगले चलाउने उनीहरूको सोचको बीचको अन्तरविरोध हो । यी कुराहरूका अतिरिक्त यसबाट सिक्नुपर्ने महत्वपूर्ण पाठ भनेको वैकल्पिक राजनीतिको निम्ति विचार र नेतृत्वको अन्तरघुलन र सामूहिक नेतृत्वको व्यावहारिक अभ्यास हो । विचार एकातिर र नेतृत्व अर्कोतिर भयो भने अपेक्षित परिणाम आउँदैन रहेछ भन्ने हामीले राम्ररी बुझ्नैपर्छ । साथै स्थापित पुँजीवादी र साम्यवादी धारको विकल्पमा स्पष्ट नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी विकल्प विना जनविश्वास प्राप्त गर्न सकिन्न भन्ने पनि वुझ्नैपर्छ ।

**(iv) जनआन्दोलन र जनपरिचालनप्रति उदासीनता :** वर्ग, जाति, क्षेत्र, लिंग, समुदायबीच विभेद र असमानता भएको समाजमा राजनीति भनेको अन्ततः उत्पीडक र उत्पीडितबीचको सत्ता संघर्ष हो । त्यसैले वैकल्पिक राजनीति गर्नेहरूले पनि आफ्नो पक्षधरता किटान गरेर सत्य र न्यायको पक्षमा निर्मम संघर्ष गर्ने साहस गर्नुपर्छ । तर, बितेका वर्षहरूमा हामीले संघ, प्रदेश र स्थानीय तहमा राष्ट्रिय र जनसरोकारका मुद्दामा व्यापक आन्दोलन र जनपरिचालन गर्ने कुरामा उचित ध्यान दिन सकेनौँ । बेरोजगारी, भ्रष्टाचार, दलित, महिलामाथिका हिंसा, शिक्षा र स्वास्थ्य क्षेत्रको आमूल रूपान्तरण, किसान र मजदुरका समस्या, वैदेशिक रोजगारीका समस्या, राष्ट्रपतीय प्रणाली र पहिचानसहितको संघीयतानिम्ति संविधान संशोधन आदि विषयमा व्यापक जनअभियान र संघर्ष सञ्चालन गर्न सकेनौँ । खाली चुनावदेखि चुनावसम्मको राजनीति मात्र गर्ने हो भने अर्को वैकल्पिक शक्ति किन चाहियो ? भन्ने जनसमुदायका प्रश्नलाई हामीले सम्बोधन गर्नै पर्छ ।

**(v) मूल नेतृत्वको उदारता र आदर्शवाद :** राजनीति संघर्षको विज्ञान हो भनेर सिद्धान्तमा बुझ्दाबुझ्दै स्वभावजन्य कारणले मूल नेतृत्वले समय-समयमा अनावश्यक उदारता र आदर्शवादको प्रदर्शन गर्नु र पार्टीका साथीहरूलाई उत्प्रेरित र संरक्षण गर्न नसक्नु पनि संगठन निर्माणको क्षेत्रमा उल्लेखनीय समस्या हो । साथै, राजनीति भनेको सत्ताको निम्ति संघर्ष हो भनेर बुझ्दाबुझ्दै बेलाबखत

सत्ताप्रति अनासक्ति देखाउनु, गठबन्धनमा सत्ता र शक्तिको बाँडफाँटमा उदासीन बन्नु, गठबन्धनका नेताहरूद्वारा पटकपटक झुक्याइँदा र ठगिँदा पनि सहनशील बन्नु जस्ता कमजोरीलाई सच्याउनै पर्छ। आफूले नसके सक्ने साथीहरूलाई अघि सारेर जायज संघर्ष गर्नै पर्दछ ।

**(vi) वस्तुगत प्रतिकूलता :** उपरोक्त आत्मगत पक्षका अतिरिक्त वैकल्पिक राजनीतिका निम्ति हाम्रोजस्तो पिछडिएको र जटिल भूराजनीतिले जेलिएको देशमा कायम रहेको वस्तुगत प्रतिकूलता पनि हो । एकातिर पार्टीलाई परिवर्तनशील लक्ष्यप्राप्तिको साधनसट्टा अपरिवर्तनशील धर्म वा गोत्र जस्तो ठान्ने आम चेतनास्तर र अर्कोतिर विभिन्न शक्तिकेन्द्रहरूको दृश्य-अदृश्य हस्तक्षेपकारी चलखेलको बीचमा प्रगतिशील, लोकतान्त्रिक, समाजवादी धारको वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्नु चुनौतीपूर्ण काम हो । परन्तु सक्षम र सफल नेतृत्व भनेकै वस्तुगत र आत्मगत परिस्थितिको ठीक मूल्यांकन गरेर प्रतिकूलतालाई अनुकूलतामा बदल्ने कार्य हो भनेर हामी हिम्मत साथ अघि बढ्नै पर्छ ।

२०७९ असार २८-२९ गतेको राष्ट्रिय भेलापछि जसपासँग सम्बन्धविच्छेद गरेर 'नेपाल समाजवादी पार्टी'का रूपमा पुनः नयाँ शिराबाट संगठित भएर हामी अग्रगामी वैकल्पिक शक्ति निर्माणको अभियानमा लामबद्ध भएका छौँ । त्यही क्रममा हामीले विचार मिल्ने नजिकका शक्तिहरूसँग बृहत् प्रगतिशील, लोकतान्त्रिक समाजवादी ध्रुवीकरणको पहल गर्ने निर्णय पनि गरेका छौँ । २०७९ मंसिरमा सम्पन्न संघ र प्रदेशको आमनिर्वाचन हामी माओवादी केन्द्रसँग तालमेल गरेर उसैको निर्वाचन चिह्न लिएर लड्यौँ । यसले पार्टीपंक्तिमा केही अन्योल र आशंका पनि जन्माएको छ । फेरि उही पुरानै गल्ती दोहोरिन्छ कि भन्ने भय पनि छ । तर, हामी गल्ती दोहोऱ्याउने छैनौँ । खासगरी पछिल्लो चरणमा देशमा पुराना शक्तिहरूप्रति बढ्दै गएको व्यापक आक्रोश र नयाँ शक्तिहरूको तीव्र गतिमा उदय भइरहेको सन्दर्भमा हामीले विगतका सकारात्मक र नकारात्मक अनुभवहरूबाट पाठ सिकेर देशमा प्रस्ट विचार, नीति, कार्यक्रमसहितको लेफ्ट-अफ-सेन्टर (मध्यवाम) नयाँ समाजवादी विकल्प निर्माण गर्ने अभियानमा दृढतापूर्वक लाग्नै पर्छ ।

## ५.०. नयाँ समाजवादी विकल्पको अपरिहार्यता

भूमण्डलीकृत पुँजीवादले विश्वव्यापी रूपमा सिर्जना गरेको अभूतपूर्व वस्तु र सेवाको प्रचुरताको बीचमा वितरणको तीव्र असमानता, पुँजीवादी भारत र साम्यवादी चीनको बीचमा रहेको देशको संवेदनशील भूराजनीति र देशभित्रको किनारा पुँजीवादको दुष्चक्रमा परेको पराश्रित तथा अल्पविकसित अर्थ-राजनीति र चरम वर्गीय, जातीय, क्षेत्रीय विविधता र असमानताको समस्या हल गर्न नेपालको निम्ति नयाँ समाजवादी राजनीतिक विकल्प अनिवार्य भइसकेको छ । परम्परागत पुँजीवादी बाटो र साम्यवादी (राज्य समाजवादी) बाटोबाट जति बल गरेर पनि यी युगीन र विशिष्ट समस्या हल हुनेवाला छैनन् । बरु अझै पेचिलो बन्दै जानेछन् । विकल्पका रूपमा संसारका विभिन्न देशमा झुल्काझैँ उठेका र नेपालमा पनि उदय हुन खोजेको विभिन्न रूप र रंगका 'लोकप्रियतावादी' (Populist) शक्तिहरूबाट पनि यो जटिल अन्तरविरोधको दिगो समाधान सम्भव छैन । किनकि स्पष्ट मार्गनिर्देशक सिद्धान्त र कार्यदिशाविनाको केही मुद्दाकेन्द्रित लोकप्रियतावाद अन्ततः सारमा यथास्थितिवाद नै हुन्छ ।

त्यसैले निम्न मूलभूत विशेषतासहितको नयाँ समाजवादी विकल्प (जसलाई अहिलेसम्म हामीले 'समुन्नत समाजवाद' भनेका छौं) को निर्माणमा लाग्नु जरुरी भएको छ :

**(i) वैचारिक आधार :** मार्क्स-एंगेल्सले प्रतिपादन गरेको र पछिल्ला ज्ञानविज्ञानका आविष्कारहरूले समेत पुष्टि गरेको द्वन्द्वात्मक भौतिकवाद (वा भौतिकवादी द्वन्द्ववाद) यसको मूल दार्शनिक आधार हुनेछ । परन्तु पहिले अनुमान र प्रयोग गरिएजस्तो जीवन र जगत्मा लागू हुने गतिका नियमहरू एकलरेखीय नभएर बहुरेखीय हुन्छन् र समाजवाद निर्माणको बाटो पनि विविध हुन सक्छन् भन्ने पछिल्ला निष्कर्षलाई आत्मसात् गरिनेछ । साथै पुँजीवादको पक्षपोषण गर्ने उदारवादले मानिसको निजत्व र स्वार्थी पक्षमा मात्र जोड दिने र साम्यवादी धारले सामाजिक वर्गीय पक्षमा मात्र जोड दिने एकांगी सोचका सट्टा मानिसमा जैविक र सामाजिक ढंगले विकसित हुने स्वार्थी र परोपकारी गुण वा प्रतिस्पर्धात्मक र सहयोगात्मक गुण दुवै हुने वैज्ञानिक सत्यलाई आत्मसात् गर्दै नयाँ समाजवादी प्रणालीको विकास गरिनेछ । विपरीत वर्गहरूको निरन्तर द्वन्द्वबाट विकासको गति पैदा हुने नियमलाई एकले अर्कालाई निषेध गर्ने अर्थमा नभई एकता-संघर्ष-रूपान्तरणको अर्थमा ग्रहण र लागू गरिनेछ । हिजोका साम्यवादी मुलुकका गल्तीहरूबाट शिक्षा लिइनेछ ।

**(ii) राजनीतिक आधार :** नयाँ समाजवादी राजनीतिक प्रणाली रूप र सार दुवैमा पुँजीवादी लोकतन्त्र र साम्यवादी 'सर्वहारा अधिनायकत्व'भन्दा उच्चस्तरको समावेशी र सहभागितामूलक लोकतन्त्र हुनेछ । अर्थात् यो स्वतन्त्रता र समानता, प्रक्रिया र परिणाम, लोकतन्त्र र सामाजिक न्यायलगायत दुवै पक्षका सकारात्मक गुण भएको तर नकारात्मक पक्ष परित्याग गरेको विकसित राजनीतिक प्रणाली हुनेछ । नेपालजस्तो वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र जातपातजन्य विभेद र असमानता भएको मुलुकमा पार्टी र राज्यका सबै तह र अंगहरूमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ । बहुजातीय, बहुभाषिक बनोटलाई ध्यान दिंदै जातीय/भाषिक पहिचान झल्कने गरी राज्यको संघीय पुनर्संरचना गरिनेछ । संघ, प्रदेश र स्थानीय तह सबैमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र समानुपातिक प्रत्यक्ष निर्वाचित व्यवस्थापिका रहने प्रणाली अपनाइनेछ । प्रमुखका उम्मेदवारहरू प्राइमरी निर्वाचन प्रणालीबाट चयन गरिनेछ । निर्वाचनमा 'नो भोट' र 'राइट टु रिकल' (प्रत्याह्वान) को व्यवस्था गरिनेछ ।

राज्यलाई जनताको मालिक होइन सेवक बनाउन राज्यका सबै अंगका परम्परागत नोकरसाही ढाँचा अन्त्य गरेर आधुनिक डिजिटल युगका उपकरण र व्यवस्थापन शैलीसहित खुला, पारदर्शी, जनमैत्री, सुशासनयुक्त बनाइनेछ । समाज र राज्यका सबै क्षेत्रमा व्याप्त बनेको भ्रष्टाचारलाई निर्मूल गर्न भ्रष्टाचार निरोधक अंगलाई शक्तिशाली र प्रभावकारी बनाइनेछ । राजनीतिक तहको भ्रष्टाचार अन्त्य गर्न संघ, प्रदेश र स्थानीय तहमा जनउत्तरदायी र शक्तिशाली जनलोकपालको व्यवस्था गरिनेछ । पुँजीवादी प्रणालीमा हुने निजी तहका भ्रष्टाचार र साम्यवादी प्रणालीमा हुने संस्थागत भ्रष्टाचार दुवै रूपको अन्त्य गर्ने गरी नयाँ समाजवादी शासन प्रणाली आम जनसमुदायको प्रत्यक्ष निगरानीमा रहने गरी विकास गरिनेछ ।

**(iii) आर्थिक आधार :** नयाँ समाजवादी अर्थतन्त्रको मुख्य रणनीति बजार, राज्य र समुदाय क्षेत्रको सन्तुलित भूमिका कायम गर्न हुनेछ । अति कम विकसित मुलुकको अवस्थामा रहेको

अर्थतन्त्रलाई केही दशकभित्र विकासशील हुँदै विकसित अवस्थामा पुऱ्याउन र समतामूलक समृद्धि हासिल गर्न वृद्धि, वितरण, दिगोपन र खुसीपनका चार आयाम भएको मौलिक आर्थिक विकास नीति लागू गरिनेछ । नयाँ समाजवादी अर्थतन्त्र भनेको गरिबी बाँड्ने नभई समृद्धि बाँड्ने अर्थतन्त्र हुनाले सुरुको चरणमा उत्पादन वृद्धिमा जोड र त्यसपछि क्रमशः न्यायपूर्ण वितरण, पर्यावरण संरक्षणसहितको दिगोपन र आत्मिक सुख प्राप्तिमा ध्यान दिने हुनेछ । सोहीअनुसार निजी क्षेत्र, राज्य र समुदाय/सहकारीको भूमिका निर्धारित गरिनेछ । खासगरी श्रम निर्यात र वस्तु आयातको असमान विनिमयको दुष्चक्र र बर्सेनि चुलिँदो ऋणपासो तोड्ने र अन्तरनिर्भर अर्थतन्त्रको विकास गर्न भारत र चीनजस्ता दुई ठूला छिमेकी अर्थतन्त्रसँग पदचाप मिलाएर अघि बढ्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सबैको पहुँचको दायित्व राज्यले लिनेछ । कृषि, उद्योग र सेवा क्षेत्रको सन्तुलित विकास गरिनेछ । वैज्ञानिक भूमिसुधार, वित्तीय र बैंकिङ क्षेत्र सुधार, विदेशी लगानी प्रवर्द्धन, स्वदेशी उद्योगको प्रवर्द्धन र संरक्षणलगायतको संरचनात्मक सुधार गरिनेछ ।

दीर्घकालीन हिसाबले मानव संसाधन, जलस्रोत, पर्यटन, जैविक विविधता नेपालको तुलनात्मक लाभको क्षेत्र भएकाले ज्ञान अर्थतन्त्र र हरित अर्थतन्त्रको विकासमा विशेष ध्यान दिइनेछ । भारत र चीनजस्ता ठूलो अर्थतन्त्रको बीचमा हुनु अवसर र चुनौती दुवै भएकाले दुवैको मूल्य शृंखलासँग जोडिएको अर्थतन्त्रको विकास गर्न सके अवसर बढी हुनेछ । नेपालको विविधतायुक्त भौगोलिक, जातीय, सांस्कृतिक बनोट आत्मनिर्भर सामुदायिक अर्थतन्त्र निर्माणनिम्ति सहयोगी बन्न सक्छ । दूरदृष्टियुक्त नेतृत्वसहितको राजनीतिक स्थिरता हुने हो भने अहिलेको जर्जर आर्थिक अवस्थाको अन्त्य गर्दै नेपाल निकट भविष्यमा समतामूलक दिगो हरित अर्थतन्त्रको अन्तर्राष्ट्रिय नमुना बन्न सक्छ ।

**(iv) सामाजिक, सांस्कृतिक आधार :** विपन्न, श्रमजीवी, महिला, दलित, धार्मिक अल्पसंख्यक आदि माथि भइरहेका संरचनात्मक विभेदको अन्त्य गर्न र अन्धविश्वास, रुढिवादले ग्रसित संस्कृतिको अन्त्य गरेर वैज्ञानिक, प्रगतिशील, जनमुखी संस्कृति स्थापित गर्न नयाँ समाजवादी अभियान विशेष आवश्यक र महत्वपूर्ण हुनेछ । खासगरी भौतिकवादी दर्शनका पक्षधर र हिजोसम्म क्रान्तिकारी जनवादी गीत गाउनेहरू नै अहिले धार्मिक कट्टरपन्थ र रुढिवादी संस्कृतिको वाहक बन्न थालेको र दक्षिणबाट जबर्जस्त एकल धार्मिक वर्चस्वको हावा चल्न थालेको अवस्थामा वैज्ञानिक चेत भर्ने सांस्कृतिक अभियान अत्यावश्यक भइसकेको छ । सांस्कृतिक चेतना उन्नत नभएसम्म लोकतन्त्र दिगो हुन सक्दैन र समतामूलक समृद्धि पनि हासिल हुँदैन भन्ने ऐतिहासिक तथ्यलाई सबैले आत्मसात् गर्न जरुरी छ । नयाँ समाजवादी संस्कृतिले उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग, समुदायबीच समभाव वृद्धि गर्दै समाजमा वैज्ञानिक मानवतावादी चेतना र संस्कार प्रवर्द्धन गर्नेछ ।

**(v) अन्तर्राष्ट्रिय सम्बन्ध :** भनिन्छ- कुनै देशको अन्तर्राष्ट्रिय नीति आन्तरिक राजनीतिकै विस्तारित रूप हुन्छ । त्यस अर्थमा आगामी दशकहरूमा भारत, चीन, अमेरिकाको त्रिपक्षीय खिचातानीको केन्द्र बन्न सक्ने यस हिमाली भेगमा हामीले नयाँ समाजवादी सोच र नीतिअन्तर्गत नै ती फरक विचारधारा र स्वार्थ बोकेका शक्तिहरूसँग समनिकटताको सन्तुलित सम्बन्ध राख्न सक्छौँ र राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा गर्न सक्छौँ । हामीले सही राजनीति र अर्थनीतिअन्तर्गत बलियो राष्ट्रिय एकता र दिगो शान्ति कायम गर्न सके एसियाली शताब्दी भनिने आगामी दिनहरूमा बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्र बनाएर हामीले विश्वशान्तिको नेतृत्व गर्न

सक्छौँ । खासगरी छिमेकी भारतसँग इतिहासदेखि थाती रहेका सिमानालगायतका समस्या कूटनीतिक वार्तामार्फत हल गरेर सबैसँग शान्ति, सदभाव र आपसी हितको नीति ठीकसँग लागू गर्न सक्यौं भने अहिलेसम्म खुम्चिएको हाम्रो अन्तर्राष्ट्रिय छवि एकैचोटि शिखरमा पुग्न सक्छ । पञ्चशीलका स्थापित सिद्धान्तका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरेर नयाँ समाजवादमा देश र जनताको शिर उँचो गरिनेछ ।

(**vi**) **संगठनात्मक प्रणाली :** समाजवाद आफैं जन्मने प्रणाली नभएर देश र कालको आवश्यकता अनुसार सचेत ढंगले निर्माण गर्नुपर्ने नयाँ समाज व्यवस्था हो । त्यसका निम्ति निश्चित सिद्धान्त, ढाँचा, शैलीमा आधारित संगठनको आवश्यकता हुन्छ । पुँजीवादी संगठन प्रणाली स्वतःस्फुर्ततावाद, व्यक्तिवादमा आधारित हुन्छ भने साम्यवादी संगठन 'अग्रदस्ता' र 'जनवादी केन्द्रीयता'को सिद्धान्तमा आधारित हुन्छ । ती प्रणालीबाट निर्मित पार्टी र सत्ताको संकट धेरै ठाउँमा देखिइसकेकाले अबको युगको नयाँ समाजवादी विकल्पको संगठन प्रणाली पनि स्वतः नयाँ हुनुपर्दछ । नयाँ विचार र ढाँचामा आधारित संगठनात्मक प्रणालीका मूल विशेषता सार्वभौम कार्यकर्ता, सामुहिक र परिवर्तनशील नेतृत्व, प्रत्यक्ष निर्वाचन, सबै तह र अंगमा वर्ग, जाति, क्षेत्र, लिंग, उत्पीडित समुदायको समावेशी/समानुपातिक प्रतिनिधित्व र वहुमतको निर्णय अल्पमतको सम्मान लगायत हुनेछन् ।

(**vii**) **समाजवाद निर्माणको दिशा :** ऐतिहासिक हिसाबले समाजवाद निर्माणका 'क्रान्तिकारी' र 'सुधारवादी' दुईवटा बाटा हुने गरेका छन् । पुरानो सत्तालाई क्रान्तिकारी हिंसाको माध्यमले पूरै ध्वंस गरेर कम्युनिस्ट पार्टीको एकदलीय सत्ताका रूपमा जगैदेखि नयाँ बनाउने क्रान्तिकारी बाटोको प्रयोग रुस, चीन, उत्तर कोरिया, क्युबा, भियतनामलगायत देशमा भएका छन् । अर्को, संसद् वा प्रत्यक्ष निर्वाचनमार्फत सरकारको नेतृत्वमा पुगेर क्रमशः समाजवादी नीति लागू गर्दै पुरानो सत्तालाई सुधार्दै लाने सुधारवादी बाटो इतिहासदेखि अहिलेसम्म विभिन्न देशमा प्रयोग भइरहेका छन् । दुवैका आआफ्ना सकारात्मक र नकारात्मक अनुभव छन् ।

हामीले नेपालमा प्रस्तावित गरिरहेको ती दुवैभन्दा भिन्न बाटो हो । त्यसो त नेपालमा अहिले जुन राज्य-व्यवस्था छ, त्यो क्रान्ति र सुधार दुवैको सम्मिश्रण वा संयोजनबाट बनेको हो । माओवादी सशस्त्र जनयुद्धको जगमा भएको जनआन्दोलन र त्यसको पूरकका रूपमा भएको मधेसी, आदिवासी जनजाति, थारू आन्दोलनको बलमा संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेको हो । यो संविधानको प्रस्तावनामा नै 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध' लेखिएको छ । त्यसरी नै संविधानको समग्र चरित्रको विश्लेषण गर्ने हो भने यो व्यवस्था शास्त्रीय अर्थको पुँजीवादी संसदीय व्यवस्था नभएर त्योभन्दा अगाडि वढेको लोकतन्त्रमा आधारित समाजवादउन्मुख व्यवस्था हो । त्यसैले यसलाई कसरी प्रयोग गर्ने र विकास गर्ने भन्ने अहिलेको मुख्य प्रश्न हो ।

यसलाई पूरै भत्काएर नयाँ बनाउँछु भन्नु यसलाई समेत गुमाउने जोखिम मोल्नु हो । त्यसैले कुनै पनि कोणबाट यो व्यवस्थालाई अहिले भत्काउँछु भन्नु 'क्रान्तिकारी' ठहरिँदैन, बरु प्रकारान्तरले 'प्रतिक्रान्तिकारी' ठहरिन सक्छ । अर्कोतिर, यसलाई अहिले जे छ त्यत्तिकै कायम राख्छु भन्नु पनि सही

हुँदैन । किनकि शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता, समावेशिता, महिलाका अधिकार, श्रमिकका अधिकार आदि यसका थुप्रै कमीकमजोरी र अपूर्णता छन् । संविधानको ठीक ढंगले कार्यान्वयन नभएका थुप्रै पक्ष त छँदै छन् ।

फेरि यो संविधान र व्यवस्थामा यी केही विषय थप्दैमा 'समाजवादी' भइहाल्छ भन्ने पनि होइन । तर, 'समाजवादउन्मुख' चाहिँ अवश्य बन्छ । यसमा टेकेर नयाँ ढंगको समाजवादी वैकल्पिक शक्तिको नेतृत्वमा विभिन्न चरण हुँदै पुरानो एकदलीय शास्त्रीय ढाँचाको होइन, नयाँ प्रतिस्पर्धा र सहकार्यको ढाँचाको समाजवादी प्रणालीमा पुऱ्याउन सकिन्छ भन्ने हाम्रो प्रस्तावना हो ।

त्यसनिम्ति, पहिलो सर्त, यहाँ प्रस्ताव गरिएजस्तो नयाँ समाजवादी वैकल्पिक राजनीतिक शक्ति बन्नुपर्दछ र त्यो स्थीर ढंगले सत्ता संचालन गर्ने स्थानमा पुग्नुपर्दछ । त्यसले निश्चित अवधिसम्म यो संविधानलाई इमानदारीपूर्वक कार्यान्वयन गरेर समाजको आर्थिक-सामाजिक स्तर र जनताको चेतना निश्चित तहसम्म उठाउनुपर्दछ । दोस्रो, उन्नत चेतना उठेका जनताको नेतृत्वमा बहुसंख्यक उत्पीडित वर्ग, जाति, लिंग, समुदायको सहभागितामा विशाल आन्दोलन उठ्नुपर्दछ । सडक, सदन र सरकारको संयुक्त बलमा यो संविधानलाई संशोधन गरेर वा पुनर्लेखन गरेर अझै समृद्ध समाजवादउन्मुख बनाउनुपर्दछ । यो चक्र पटक-पटक दोहोऱ्याएर समाजको आर्थिक-सामाजिक स्तर र जनताको चेतनास्तर उठाउँदै संविधान र व्यवस्थालाई समुन्नत समाजवादमा रूपान्तरण गर्ने वा आवश्यक परे आमजनविद्रोहको बलमा नयाँ समाजवादी व्यवस्था स्थापना गर्ने बाटो सम्भव र उपयुक्त हुन सक्छ । अर्थात् हिजोको 'क्रान्ति' वा 'सुधार'को बाटोभन्दा फरक वा विकसित सुधार र क्रान्तिको संयोजनसहितको 'क्रान्तिकारी रूपान्तरण' (Radical Transformation)को बाटो एक्काइसौँ शताब्दीको समाजवादी क्रान्तिको बाटो हुन सक्छ ।

वर्तमान डिजिटल क्रान्ति र भूमण्डलीकृत पुँजीवादको युग र नेपालको विशिष्ट भूराजनीतिक परिवेशमा अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिक प्रक्रिया र दिशाको पनि यो समाजवादी क्रान्तिको बाटोमा महत्वपूर्ण प्रभाव हुनेछ । आन्तरिक रूपमा सुस्पष्ट विचार, नीति, कार्यक्रमसहितको नयाँ समाजवादी शक्तिको नेतृत्व र सडक, सदन र सरकारको मोर्चाबाट संघर्षको संयोजन निर्णायक हुने त स्वतः स्पष्ट छ ।

**(viii) नयाँ समाजवादी शक्ति निर्माणको प्रश्न :** नयाँ ढंगको समाजवादी व्यवस्था स्थापना गर्न नयाँ ढंगको समाजवादी शक्ति/पार्टी अनिवार्य आवश्यकता हुन्छ । त्यो शक्ति कसरी निर्माण गर्ने ? अहिले भएकामध्ये कुनै एक्लै त्यो शक्ति बन्ने कि ? भएकामध्ये सबै वा केहीले रूपान्तरणसहितको एकीकरण/ध्रुवीकरण गरेर त्यस्तो नेतृत्वदायी शक्ति निर्माण गर्ने कि ? अथवा बिल्कुलै नयाँ शिराबाट नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्ति निर्माण गर्ने ? आजका ज्वलन्त प्रश्न यिनै हुन् ?

नेपाल समाजवादी पार्टी यी सबै विकल्पका निम्ति खुला हुनुपर्दछ ।

पहिलो, हामी आकारमा सानो भए पनि र केही समययता विविध कारणले हाम्रो छवि धमिलिएको भए पनि स्पष्ट दृष्टिकोण, विचार र निष्ठामा हामी सानो र कमजोर छैनौँ । आखिर सही दृष्टिकोण, विचार, निष्ठा छ भने सानो शक्ति छिट्टै ठूलो हुन सक्छ । यदि दृष्टिकोण, विचार, निष्ठा ठीक छैन भने ठूलो शक्ति पनि खिइएर बिलाएर जान्छ । फेरि अग्रगामी, प्रगतिशील, समाजवादी ध्येय वा मिसनका निम्ति सही विचार निर्णायक महत्वको हुन्छ । त्यसैले पहिले हामीले आफ्नै संगठनात्मक शक्ति, जनाधार र

पहिचान निर्माणमा जोड दिनुपर्छ । शक्तिसहितको विचारले मात्रै अरू विकल्पमा पनि प्रभावकारी र सफल भूमिका निर्वाह गर्न सक्छ । शक्तिविनाको विचार गमलाको बिरुवा/फूलजस्तो मात्रै हुन्छ । समाजवादी अभियान भनेको लामो र निकै उतारचढावसहितको संघर्षमय यात्रा हो । विचारसहित धैर्य र साहस भएन भने समाजवादी अभियानमा सफल हुन सकिन्न । अनि समाजवादी राजनीति भनेको सापेक्ष रूपले सही र गलत विचार, प्रवृत्तिबीच निरन्तर संघर्ष पनि हो । हामीले अंगीकार गरेको विकसित भौतिकवादी द्वन्द्ववादको नियमअनुसार एकता-संघर्ष-रूपान्तरणको लामो शृंखला पार गरेर मात्र सही समाजवादी शक्ति बन्छ र समाजवादको निर्माण हुन्छ । त्यसैले त्यो एकता-संघर्ष-रूपान्तरणको लामो अभियानमा आफूलाई योग्य र श्रेष्ठ साबित गर्न पहिले हामी आफैँ र हाम्रो पार्टी नेसपालाई बलियो बनाउनुपर्छ । त्यसो भयो भने मात्रै माथि उल्लेख गरिएका तीनवटा विकल्पमध्ये जुनसुकैमा जान परे पनि हामी सक्षम हुन्छौँ । एउटा भरपर्दो चुम्बकीय केन्द्र बन्न सक्यौँ भने मात्र त्यो प्रभावकारी बन्छ ।

दोस्रो, नेपालको राज्य प्रणाली, सामाजिक-आर्थिक बनोट, वर्ग संरचना, जातीय-क्षेत्रीय विविधता, भूराजनीति, ऐतिहासिक संघर्षलगायत कारणले नेपालमा प्रगतिशील वामपन्थी जनमत निकै ठूलो छ । त्यो लामो समयदेखि मूल रूपमा कम्युनिस्ट पार्टीहरूका विभिन्न चिरामा विभक्त भएर रहेको छ । केही कांग्रेस, क्षेत्रीय पार्टीलगायतका अरू पार्टीहरूमा छरिएर रहेका छन् । केही स्वतन्त्र र असंगठित रूपमा पनि छन् । जनयुद्ध र ०६२/६३ को आन्दोलनपछि जन्मे-हुर्केको युवापुस्ताको ठूलो संख्या अराजनीतिक र असंगठित छ । सम्भावित नयाँ समाजवादी शक्ति/केन्द्र/पार्टीका निम्ति मुख्य स्रोत वा कच्चा पदार्थ यिनै वरिपरि छन् ।

यिनै शक्तिहरूको रूपान्तरणसहितको बृहद् ध्रुवीकरणबाट नयाँ समाजवादी शक्ति बन्न सक्ने वस्तुगत आधार छ । त्यसको निम्ति सबै इमानदार समाजवादी शक्ति/व्यक्तिहरूले प्रयत्न गर्नु राम्रो हुन्छ । तर, आत्मगत हिसाबले मुख्यत: विभिन्न कम्युनिस्ट पार्टी/समूहमा विभाजित नेताहरू यसनिम्ति तयार होलान् ? जनवादी केन्द्रीयताका नाममा नोकरशाही केन्द्रीकरणको लामो विरासत बोकेका नेता-कार्यकर्ताहरू प्रत्यक्ष र समावेशी लोकतन्त्रसहितको नयाँ समाजवादी ढाँचामा रूपान्तरित होलान् ? फेरि लामो समयदेखि स्थापित 'कम्युनिस्ट' ब्रान्ड नाम परित्याग गरेर नयाँ ब्रान्ड नाम धारण गर्न तयार होलान् ? यी तमाम प्रश्नहरू गम्भीर छन्, तर असम्भव वा असमाधेय छैनन् । मुख्य कुरा मार्क्सवादको गुदी कुरो 'ठोस स्थितिको ठोस विश्लेषण' गर्नु र नयाँ परिस्थितिको नयाँ आवश्यकताअनुसार साहसिक कदम चाल्नु हो ।

नयाँ समाजवादी ध्रुवीकरणको सट्टा सबै कम्युनिस्ट र समाजवादीहरू एकै ठाउँमा आएर एकीकृत 'कम्युनिस्ट' पार्टी नै किन नबनाउने भन्ने प्रश्न पनि उठ्न सक्छ । आखिर विगतमा 'समाजवादी' र 'कम्युनिस्ट' शब्द पर्यायवाचीका रूपमा प्रयोग भएकै हो भन्ने तर्क हुन सक्छ । त्यो नाजायज होइन । परन्तु यहाँ मुख्य कुरा अन्तर्वस्तु अथवा विचार, नीति, कार्यक्रम, संगठनात्मक र नेतृत्व प्रणाली, आचरणसहितको समुच्चताको प्रश्न प्रमुख हो । रूप, नाम, ब्रान्ड, पहिचानको प्रश्न सहायक हो । विगतमा 'समाजवादी', 'कम्युनिस्ट', 'श्रमिक' आदि नाम पर्यायवाचीका रूपमा प्रयोग भएकै हो र अहिले पनि विभिन्न देशमा भइरहेछ । रोचक कुरा, १९१७ को रुसी अक्टोबर क्रान्तिअगाडि अधिकांश मजदुर पार्टीहरूको नाम 'सामाजिक जनवादी' थियो, त्यो 'सुधारवाद'को प्रतीक भयो भनेर लेनिनले

रुसी पार्टीको नाम 'कम्युनिस्ट' राखेपछि तेस्रो अन्तर्राष्ट्रियका सबै वा अधिकांश पार्टीले आफ्नो नाम 'कम्युनिस्ट' राखे । नेपाल पनि त्यसैको प्रभावमा परेको हो । तर, अहिले सय वर्षपछि विश्व परिस्थिति ठीक उल्टो भएको छ । अहिले चीनबाहेक विश्वका प्रभावशाली अधिकांश प्रगतिशील, समाजवादी, श्रमिक पार्टीहरूले आफ्नो नाम 'कम्युनिस्ट' राख्दैनन् ।

फेरि पनि मुख्य प्रश्न, अन्तर्वस्तु नै हो । मार्क्सका अनुसार 'एक वाक्यमा कम्युनिज्म भनेको निजी सम्पत्तिको अन्त्य हो' (कम्युनिस्ट पार्टीको घोषणापत्र) । के अहिले त्यसो गर्नु उपयुक्त र सम्भव छ ? अनि मार्क्सले आफ्नो सबभन्दा महत्वपूर्ण प्रस्थापना 'सर्वहारावर्गको अधिनायकत्व' हो भनेका छन् ( १८५२ मा जे. वाइडेमेयरलाई लेखेको पत्र) । के त्यो अब सही, सम्भव र आवश्यक छ ? अर्कोतिर, अहिले कम्युनिस्ट पार्टीको आवरणमा निजी स्वार्थका लागि जुन 'अ'कम्युनिस्ट कामहरू, भ्रष्टाचार, कमिसनखोरी, राज्यसत्ताको दोहन र दुरुपयोग आदि भइरहेछ, त्यसलाई के भन्ने ? चुनावदेखि चुनावसम्मको राजनीति गरेर पुनरुत्थानवादीसमेतको गठबन्धनमा सत्तामा बसेर समाजवाद र साम्यवाद आउँछ ? हिजो ठूलो त्याग र बलिदान गरेर आएका नेताहरूले सोचून् !

हाम्रो पार्टीले नेकपा (माओवादी केन्द्र) लगायतका अन्य दलहरुसंग वार्ता गर्न समिति समेत वनाएको छ । तत्काल रूपान्तरणसहितको बृहद् समाजवादी ध्रुवीकरण गरेर जान सकिन्न भने केही समय आ-आफ्नै छुट्टै संगठन, परिचय, गतिविधि कायम गरेर 'समाजवादी मोर्चा' वा यस्तै केहीमार्फत सहकार्य र बहस छलफल गर्दै अघि बढ्नु पनि योभित्रको सहायक विकल्प हुन सक्छ ।

तेस्रो विकल्प अर्थात् तलैबाट नयाँ शिराबाट प्रगतिशील, लोकतान्त्रिक, समाजवादी सोच राख्नेहरूबीच सहकार्य र अभियान चलाउँदै मध्यवाम (लेफ्ट-अफ-सेन्टर) शक्ति निर्माण गर्ने प्रयत्न पनि कतिपय वृत्तबाट भइरहेको बुझिन्छ । त्यसबारे पर्खेर हेर्नु उपयुक्त हुन्छ ।

## ६.०. आगामी कार्यभार

केही समय अलि शिथिल र मुर्झाएको जस्तो भएको हाम्रो पार्टी यो केन्द्रीय समितिको बैठकपछि नयाँ ऊर्जाका साथ पार्टी निर्माण/पुनर्निर्माणको अभियानमा केन्द्रित हुनेछ । अभियानको समयबद्ध तालिका र कार्यक्रमपछि विस्तृत रूपमा पठाइनेछ । हाम्रा प्रमुख कार्यभार यी हुनेछन् :

### ६.१. वैचारिक/राजनीतिक काम

नयाँ ढंगको समाजवादी ध्येयप्रति समर्पित हाम्रो पार्टीको मुख्य पहिचान प्रस्ट विचार र देश तथा समाजलाई तीव्र गतिमा रूपान्तरण गर्ने कार्यदिशा र कार्ययोजना हो । पार्टीको विचार, कार्यदिशा र कार्ययोजनालाई संघ, प्रदेश र स्थानीय तहका नेता/कार्यकर्तामार्फत आम समर्थक र जनसमुदायसम्म फिँजाएर/रोपेर मात्र बलियो समाजवादी पार्टी बन्छ । त्यसैले पार्टीको प्रशिक्षण विभागमार्फत संघ, प्रदेश र स्थानीय तहसम्म विभिन्न विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । प्रशिक्षणलाई व्यवस्थित र उपयोगी बनाउन संघबाट प्रशिक्षण सामग्री तयार गरिनेछ । विषयगत प्रशिक्षण दिन पहिले प्रशिक्षक प्रशिक्षणको व्यवस्था गरिनेछ । प्रदेश र स्थानीय तह तथा जनवर्गीय संगठनहरूले योजनाबद्ध प्रशिक्षण सञ्चालन गर्नेछन् । आवश्यकताअनुसार विभिन्न तहका पार्टी र जनवर्गीय संगठनहरूले गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने छन् ।

## ६.२. संगठनात्मक काम

विचार र कार्यदिशा तय गरिसकेपछि पार्टीको सबभन्दा महत्वपूर्ण काम संगठन निर्माण गर्नु हो । हाम्रो पार्टी गत २०७९ असार-साउनमा ने.स.पा.को रूपमा पुनर्गठन भएपछि विभिन्न तहका पार्टी कमिटीहरूको गठन/पुनर्गठनको काम पूरा भइसकेको छैन । त्यसैले सबभन्दा पहिले संघीय स्तरका कमिटी, आयोग, विभाग र जवसहरूको गठन/पुनर्गठनको काम सम्पन्न गरेर प्रदेश र स्थानीय तहसम्म पार्टी र जनवर्गीय संगठनको कमिटीहरूको गठन र पुनर्गठनको काम योजनाबद्ध ढंगले पूरा गरिनेछ । संगठन विभागले यसको संयोजन र आवश्यक सामग्री तयार गर्नेछ ।

पार्टीलाई व्यापक जनस्तरसम्म विस्तार नगरी र विशेषतः नयाँ युवा पुस्तालाई आकर्षित र प्रतिबद्ध नगरी नयाँ ढंगको समाजवादी पार्टी बन्दैन । त्यसैले सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्ने कामलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।

पार्टी कमिटी गठन/पुनर्गठन र सदस्यता अभियान सञ्चालन गरिसकेपछि योजनाबद्ध ढंगले स्थानीय तहदेखि प्रदेश हुदै केन्द्रसम्म भेला/सम्मेलन गरेर निर्वाचित कमिटी र नेतृत्व निर्माण गरिने छ । अहिलेसम्मका मनोनीत कमिटी र नेतृत्वको सट्टा छिटोभन्दा छिटो प्रत्यक्ष निर्वाचनको व्यवस्था गरेर पार्टीलाई आमूल रूपान्तरण गरिनेछ । पार्टी विधानमा आवश्यक संशोधन गरेर प्रदेश र स्थानीय तहलाई बढी अधिकारसम्पन्न बनाइनेछ ।

स्थानीय तहदेखि प्रदेश हुँदै संघसम्मको सम्मेलन/अधिवेशनको कार्ययोजना पछि निर्माण गरेर पठाइनेछ ।

## ६.३. प्रचारप्रसार र प्रकाशनको काम

अहिलेको डिजिटल सञ्चारको युगमा प्रचारको महत्व गुणात्मक ढंगले बढेको छ । हाम्रो जस्तो देशलाई नयाँ ढंगको समाजवादी विकल्प दिने लक्ष्यका साथ अघि बढेको पार्टी प्रचारप्रसारको क्षेत्रमा अझै बढी गतिशील र प्रविधिमैत्री हुन जरुरी छ । 'बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल बिक्दैन' भनेझैँ विचारविहीन लोकप्रियतावादी (पपुलिस्ट) शक्तिहरू डिजिटल प्रविधि र सामाजिक सञ्जालकै भरमा सबैतिर छाएजस्तो देखिने तर प्रष्ट अग्रगामी विचार कार्ययोजना सहितको हाम्रो पार्टी हराएजस्तो देखिने स्थितिको छिटो अन्त्य गर्नुपर्दछ । विशेषतः प्रविधिमा दक्ष नयाँ पुस्तामा पुग्न हामीले विशेष जोड गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहसम्म छिटोछरितो सञ्चारको व्यवस्था गर्नुपर्दछ । यीबारे प्रचार विभागले विस्तृत योजना बनाएर पार्टी कमिटीहरूमार्फत छिटो कार्यान्वयन गर्नेछ । साथै, पार्टीका दस्तावेजहरूलाई डिजिटल र प्रिन्ट माध्यममार्फत तलसम्म पुऱ्याउने व्यवस्था गरिनेछ । विशेष आइटी संयन्त्रको निर्माण गरेर सामाजिक सञ्जाल र अन्य डिजिटल प्लाटफर्महरूको अधिकतम परिचालन गरिनेछ ।

### ६.४. आर्थिक स्रोत तथा व्यवस्थापन

हाम्रोजस्तो नयाँ समाजवादी विकल्पको राजनीति गर्ने पार्टी आर्थिक स्रोत परिचालन र समग्र व्यवस्थापनको काममा पनि नयाँ, सक्षम, पारदर्शी हुनुपर्दछ । पार्टीको प्रमुख आर्थिक स्रोत पार्टी सदस्यहरूको नियमित लेभी नै हुनेछ । तलदेखि माथिसम्म यसलाई नियमित, व्यवस्थित र पारदर्शी बनाउन विशेष ध्यान दिइनेछ । साथै, विभिन्न अभियानका निम्ति समर्थकबाट लिइने चन्दा/अनुदानलाई पनि व्यवस्थित अभिलेखीकरण गर्ने र पारदर्शी बनाउने कुरालाई कडाइपूर्वक पालन गरिनेछ । समग्र पार्टी प्रणालीलाई आधुनिक व्यवस्थाकीय ढाँचामा संचालन गरिनेछ ।

### ६.५. जनपरिचालन र आन्दोलन

उत्पीडन र विभेदमा परेका वर्ग, जाति, क्षेत्र, लिंग, समुदायको पक्षमा निरन्तर पैरवी नगरी र उनीहरूका मुद्दालाई प्राथमिकता दिएर आन्दोलन/संघर्षका अगुवाइ नगरी नयाँ ढंगको समाजवादी पार्टी जनतामा झाँगिनै सक्दैन । जनताका नझांगिएको पार्टीले आफ्नो घोषित लक्ष्य प्राप्त गर्नै सक्दैन । अतः राष्ट्रिय र जनसरोकारका मुद्दाहरूमा निरन्तर सार्वजनिक पैरवी गर्ने र आवश्यकताअनुसार स्थानीयदेखि प्रदेश र संघसम्म आन्दोलन र संघर्षका कार्यक्रम संयुक्त वा एकल रूपमा सञ्चालन गर्न विशेष ध्यान दिइनेछ । 'जहाँ समस्या, त्यहाँ नेसपा' भन्ने नाराका साथ हाम्रो पार्टी निरन्तर जनताको साथमा उभिनेछ ।

### ६.६. गठबन्धन र सरकारको काम

हाम्रो पार्टी आफ्नो स्वतन्त्र अस्तित्व र पहिचानसहित अहिलेको सत्ताधारी १० दलीय गठबन्धनमा छ । साथै, संघीय सरकार, बागमती प्रदेश सरकार र गण्डकी प्रदेश सभामा पनि प्रतिनिधित्व गर्दछ । सडकका साथै सदन र सरकारको क्षेत्रबाट पनि जनताको पक्षमा काम गर्ने र समाजवादी विकल्पको निर्माणमा योगदान गर्ने लक्ष्यका साथ हाम्रा प्रतिनिधिहरू त्यहाँ उपस्थित छन् र रहनेछन् । सदन र सरकारमा रहँदा हाम्रा प्रतिनिधिहरूले स्वच्छ र पारदर्शी छवि कायम गर्न र निरन्तर उत्पीडित जनता र राष्ट्रको हितको पक्षमा काम गर्न विशेष ध्यान दिनेछन् ।

अन्त्यमा, साथीहरू,

हाम्रो पार्टी केही समययता अन्योल र अकर्मण्यताबाट गुज्रिरहेको थियो । यो बैठकपछि त्यसलाई चिरेर हामी गम्भीर आत्मसमीक्षा र आत्मालोचनासहित पार्टीलाई गुणात्मक ढंगले विकास र विस्तार गर्ने र देशमा भरपर्दो नयाँ समाजवादी विकल्प निर्माण गर्ने प्रतिबद्धतासहित जनताको बीचमा जाँदै छौँ । हामी सत्तामुखी होइन, रूपान्तरणकारी राजनीतिका पक्षधर हौँ । त्यसैले हामी जनताका स्वयंसेवी सेवक हौँ । नयाँ समाजवाद निर्माणको यात्रा निकै लामो र कष्टसाध्य हुन्छ भन्ने हामीलाई राम्ररी थाहा छ । ग्रिक मिथकको पक्षी फिनिक्सले आफूले आफैँलाई आगो लगाएर नयाँ जन्म लिएझैँ हामीले पनि गम्भीर आत्मालोचनाबाट आफूलाई रूपान्तरण गर्ने प्रयत्न गरेका छौँ । देशमा नयाँ समाजवादी विकल्प निर्माण गर्न हामी प्रतिवद्ध छौँ र अवश्य सफल हुनेछौँ । दृढ विश्वास र हिम्मतका साथ हातेमाले गर्दै आफ्नो गन्तव्यमा अघि बढौँ ।

धन्यवाद !

**अध्यक्ष**
**केन्द्रीय समिति**
**नेपाल समाजवादी पार्टी**

**२०८० जेठ २५**